म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१८ बिहीबार, ७ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 20 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध खैरो हेरोइनसहित ६ जना पक्राउ

हेटौंडा, ६ चैत/मकवानपुर प्रहरीले एकैदिन छुट्टाछुट्टै स्थानबाट लागूऔषध खैरो हेरोइनसहित ६ जनालाई पक्राउ गरेको छ । हेटौंडा-८, ओमनगरस्थित रनिश थापाको घरबाट लागूऔषध खैरो हेरोइनसहित ३ जनालाई पक्राउ गरेको छ । मंगलबार दिउँसो ३ बजेको समयमा ३७ वर्षीय रनिशसहित ३५ वर्षीय सुनिल खड्गी र हेटौंडा-१५ का ३२ वर्षीय धनसिंह वाईबालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले उनीहरुलाई रनिशको घरबाट पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट २ ग्राम २९० मिलिग्राम लागूऔषध खैरो हेरोइन बरामद गरेको थियो । यस्तै हेटौंडा-१०, न्युरेनीस्थित हुमबहादुर थापामगरको घरबाट लागूऔषध खैरो हेरोइनसहित मकवापनुर प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरीले ४३ वर्षीय हुमबहादुरसहित, हेटौंडा-२ चौकीटोलका २४ वर्षीय बिजय आलेमगर र हेटौंडा-१८ का २० वर्षीय रविन सुनारलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट १ ग्राम ४३० मिलिग्राम लागूऔषध खैरो हेरोइन बरामद गरेको जनाएको छ । लागूऔषधसहित ६ जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

### बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न सकिने मुख्यमन्त्री लामाको विश्वास

# आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको कार्यारम्भ

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ बागमती प्रदेश सरकारले आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको कार्यारम्भ गरेको छ । प्रदेश नीति तथा योजना आयोगमार्फत् प्रदेश सरकारले सूचना प्रणालीको कार्यारम्भ गरेको हो ।



आयोगले बुधबार हेटौंडमा आयोजना गरेको एक कार्यक्रमबीच मुख्यमन्त्री बहादुरसिंह लामाले आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको शुभारम्भ गरेका हुन् । नीति तथा कार्यक्रमलाई योजनाबद्धरुपमा अगाडि बढाउनका लागि योजनाको पहिचान, छनोट तथा प्राथमिकीकरण गर्ने उद्देश्यले प्रणालीको शुभारम्भ गरिएको मुख्यमन्त्री लामाले बताए ।

आयोजना बैंकको शुभारम्भसँगै बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न सकिने मुख्यमन्त्री लामाको विश्वास रहेको छ ।

आयोगले निर्धारण गरेको मापदण्डका आधारमा योजनाहरु प्रणालीमा प्रविष्ट हुने भएकाले टुक्रे योजना र खल्तीबाट योजना हाल्ने प्रवृतिको अन्त्यका लागि योजना बैंक प्रभावकारी बन्ने उनको दाबी छ । मुख्यमन्त्री लामाले सुशासन कायम गर्न र भ्रष्टचार न्यूनीकरण गर्न पनि आयोजना बैंक महत्वपूर्ण सावित हुने जिकिर गरे । जनतामा देखिएको नैराश्यतालाई पनि आयोजना बैंकमार्फत् चिर्न सकिने उनको भनाई छ ।

विगतका योजनाहरुलाई अद्यावधिक गरी बैंकले योजनाको प्राथमिकीकरण गर्ने उनले बताए । योजना बैंकमार्फत् प्रदेशको सबै निर्वाचन क्षेत्रमा योजना समावेश गरिने भएकोले भ्रष्टचार पनि कम हुनेमा मुख्यमन्त्री लामाले विश्वास व्यक्त गरेका छन् । योजना सबै ठाउँमा पुग्नुपर्छ भन्ने मान्यता प्रदेश सरकारको रहेको उनले बताए । राजनीतिक दलहरुले मात्र नभई प्रदेशबासीले समेत अपनत्व गर्ने गरी योजना बैंकको अवधारणा अघि सारेको उनले दोहोर्याए ।

मुख्यमन्त्री लामाले सबै राजनीतिक दलको साथ र सहयोग रहे मन्त्रीपरिषद् बैठकबाट आयोजना बैंकलाई लागू गर्ने निर्णय समेत गरिने प्रतिबद्धता जनाए । त्यसैगरी कार्यक्रममा बोल्दै आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले योजना छनोटदेखि मूल्यांकन र प्रभावकारिताका विषयमा बढ्दो जनगुनासोलाई सम्बोधन गर्न लागि योजना बैंकको अवधारणा ल्याइएको बताए ।

योजना बैंकको अभावमा विगतमा देखिएको समस्या हल गर्ने उद्देश्यले योजना बैंक सञ्चालनमा ल्याइएको उनको भनाई छ । मन्त्री काफ्लेले प्रदेश सरकारको लगानी सञ्चालित मेगा प्रोजेक्टका साथै अन्य आयोजनाको प्रभावकारिताको विषयमा अध्ययन भैरहेको बताए । मन्त्री काफ्लेले विगतमा समय अभावको कारण नीति कार्यक्रम र बजेटमा तालमेल मिल्न नसकेको बताए । यसपालि वैशाखको पहिलो सातामै नीति कार्यक्रम प्रस्तुत गर्ने तयारीमा प्रदेश सरकार रहेको उनले बताए ।

मन्त्री काफ्लले खानेपानी बाहेक अन्यको हकमा २५ लाख भन्दा कमको योजना नहाल्ने बताए । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालले आयोगबाट निर्धारीत मापदण्डअनुसार प्रणालीमा प्रविष्ट भएका योजनाको मूल्यांकन तथा प्राथमिकीकरण गरिने बताए । ७५ अंक वा सोभन्दा माथिको योजना पहिलो प्राथमिकता र सो भन्दा कम अंकका योजनालाई दोस्रोमा राखेर सोही अनुसार बजेट विनियोजन हुनेछ । कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरुले योजना बैंक कार्यान्वयनमा भने आशंका रहेको बताएका थिए ।

आयोजना बैंक नहुँदा प्रदेश सरकारको बजेट कार्यक्रममा योजनाको संख्या अत्यधिक हुने, लागत विश्लेषण तथा छनोट प्रक्रिया पूरा नहुने, जोखिम मूल्यांकनमा कमजोर, विश्लेषणमा प्राविधिक ज्ञानको कमी, वातावरणीय प्रभाव मूल्यांकन नहुने लगायत समस्या हुँदै आएको थियो । आयोजना बैंकको अभावमा बजेटमा समावेश भएका कार्यक्रमको विस्तृत सम्भाव्यता अध्ययन नहुनु, इन्जिनियरिङ डिजाइनको अभाव, स्रोतसाधनको सुनिश्चितता नहुने समस्या बेहोर्नु परेको अवस्था थियो ।

आयोजना बैंक नहुँदा योजनाहरु कार्यान्वयन, सञ्चालन, अनुगमन, मूल्यांकन तथा पृष्ठपोषणमा समेत समस्या हुँदै आएको थियो । आयोजना बैंकको अभावमा प्रदेश सरकारको कमजोर आन्तरिक प्रतिवेदन प्रणाली, नतिजामुखी अनुगमन र मूल्यांकन तथा कार्यान्वयन नहुने अवस्था थियो ।

### एसईई आजदेखि सुरु

# मकवानपुरमा ७ हजार बढी विद्यार्थीले परीक्षा दिने



साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ माध्यमिक शिक्षा परीक्षा (एसईई) आज बिहीबारदेखि सुरु हुँदैछ । बिहान आठ बजेदेखि सुरु हुने परीक्षा ११ बजेसम्म चल्नेछ ।

पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ । त्यसैग्री चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीका लागि अंग्रेजी (इलेक्टिभ इङलिस) को परीक्षा हुनेछ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवम् संस्कृततर्फ शुक्लयजुर्वेद, सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ । १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुनेछ ।

यसपटक मकवानपुरमा ७ हजारभन्दा बढी विद्यार्थीले एसईई परीक्षा दिँदैछन् । परीक्षामा नियमित तर्फ प्राविधिक र साधारण गरी ७ हजार ४ सय ५६ जना जना विद्यार्थीले सहभागिता जनाउन लागेका हुन् । यसवर्ष ग्रेडवृद्धिका लागि साधारणतर्फ १ हजार ४ सय ९५ र प्राविधिक धारतर्फ ९६ जनाले परीक्षा दिँदैछन् ।

परीक्षाको लागि मकवानपुरमा २८ वटा परीक्षा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिएका छन् । गतवर्ष २६ वटा परीक्षा केन्द्र तोकिएको मकवानपुरमा यसवर्ष कैलाश गाउँपालिकाको नामटारस्थित कालिका मावि र हेटौंडाको श्रमिक माविमा परीक्षा केन्द्र थपिएको प्रमुख गिरीले बताए । कैलाश गाउँपालिकामा परीक्षा केन्द्र थप गरिएसँगै मकवानपुरको सबै स्थानीय तहमा परीक्षा केन्द्र कायम भएको प्रमुख गिरीले बताए ।

कैलाश गाउपालिकाले एसईई दिने विद्यार्थीको लागि आवाशीय व्यवस्था गरेको छ । गाउपालिकाको लगानीमा पालिकाबाट एसईई परीक्षामा सहभागी हुने १४९ जना नियमित र ६७ जना ग्रेडबृद्धिका लागि सहभागी हुने २१६ जना विद्यार्थीको लागि खाना तथा बस्ने व्यवस्था गरेको हो । हेटौंडाको श्रमिक माविमा प्राविधिक धार तर्फका विद्यार्थीका लागि मात्रै केन्द्र तोकिएको छ ।

उनका अनुसार सबै स्थानीय तहमा केन्द्राध्यक्षलाई प्रशिक्षण दिएर खटाइएको छ । एसईई परीक्षाका लागि २८ जना केन्द्राध्यक्ष, ५१ जना सहायक केन्द्राध्यक्ष, ३७४ निरीक्षक, ७६ परीक्षा सहायक, १५० कार्यालय सहयोगी र ४२० जना सुरक्षाकर्मी खटाइएको प्रमुख गिरीले जानकारी दिए । प्रमुख गिरीले टाढा रहेका सबै पालिकामा प्रश्नपत्र र उत्तर पुस्तिका पुगिसकेको जानकारी दिइएको छ ।

लेटर ग्रेडिङ प्रणालीमै यसवर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्न तयारी गरिएको छ । चैत १९ सम्म सञ्चालन परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । २०८० सालको एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी पास भएका थिए ।

# भीमफेदीको धोर्सिङ सव-स्टेशन ५ दिन बन्द हुने



साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ कुलेखानी प्रथम जलविद्युत केन्द्र अन्तर्गत धोर्सिङ सवस्टेशनबाट वितरण भइरहेको विद्युत सप्लाई ५ दिनको लागि बन्द हुने भएको छ ।

धोर्सिङ सवस्टेशनबाट थाहा नगरपालिका, ईन्द्रसरोवर, भीमफेदी र कैलाश गाँउपालिकामा विद्युत वितरण भइरहेको ५ एमभिए क्षमताको ट्रान्सफर्मरको क्षमता बढाई २२.५ एमभिए क्षमताको ट्रान्पर्फर जडान गर्न चैत्र ७ गते बिहीबार बिहान ७ बजेदेखि ११ गते साँझ ६ बजेसम्म धोर्सिङ सवस्टेशनबाट लाइन सटडाउन गर्नुपर्ने भएकाले विद्युत आपूर्ति बन्द हुन लागेको हो ।

उत्तरी मकवानपुरको एकमात्र विद्युत आपूर्तिको स्रोत धोर्सिङ सवस्टेशनबाटै विद्युत आपूर्ति बन्द हुने भएपछि पालुङ वितरण केन्द्रअन्तर्गतका क्षेत्रमा पनि विद्युत आपूर्ति अनियमित हुनसक्ने पालुङ वितरण केन्द्रले जनाएको छ । धोर्सिङ सवस्टेशन बन्द हुने समयमा धादिङको नौबिसे तथा हेटौंडाको चौकीटोल र हात्तीसुँडे सवस्टेशनबाट वैकल्पिक फिडरमार्फत् विद्युत आपूर्तिको तयारी गरिएको छ ।

वैकल्पिक फिडर अत्यन्तै लामो भएका कारण भोल्टेज तलमाथि हुनसक्ने र लाइन काट्ने लगाउने गर्नुपर्ने हुँदा नियमित विद्युत आपूर्तिमा समस्या हुनसक्ने भएकाले अतिआवश्यक कामका लागि मात्र विद्युत प्रयोग गर्न पालुङ वितरण केन्द्रले आग्रह गरेको छ । नेपाल विद्युत प्राधिकरणको ग्रिड संचालन विभागले धोर्सिङ सवस्टेशनमा हाल जडित ५ एमभिएको ट्रान्सफर्मरबाट लोड व्यवस्थापन गर्न अपुग भएपछि २२.५ एमभिएको ट्रान्सफर्मर जडान गर्न लागेको हो ।

# अनेरास्ववियु र नेविसंघको संयुक्त प्यानल बिजयी

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ मकवानपुर बहुमुखी क्याम्पस स्ववियु सभापतिमा अनेरास्ववियु र नेविसंघको संयुक्त प्यानलका उम्मेदवार विजयी भएका छन् ।

सभापतिमा प्रशिद्ध रेग्मीले ७०६ मत ल्याएर विजयी हुँदा निकटम् प्रतिद्वन्द्वी छोइसाङ लामाले ५०७ मत प्राप्त गरेका छन् । त्यसैगरी सचिवका उम्मेदवार उत्सव ढुंगानाले ७११ मत ल्याई विजयी हुँदा निकटतम् प्रतिद्वन्द्वी दीपेश कार्कीले ५४४ मत प्राप्त गरेका छन् । कोषाध्यक्षका उम्मेदवार निर्दोष लुईटेलले ७०४ मत प्राप्त गरी विजयी भएका छन् भने प्रतिद्वन्द्वी अमन रायले ५४४ मत प्राप्त गरेका छन् । त्यसैगरी, सदस्यहरुमा मनोज घलान, उमेश चौधरी, दिवश चापागाईं, विवश अर्याल, मन्दिप थापा र अतित अधिकारी विजयी भएका छन् ।

त्यसैगरी हेटौंडा क्याम्पसमा अनेरास्ववियुको तर्फबाट अध्यक्षमा अभि मैनाली निर्वाचित भएका छन् । अनेरास्ववियु र नेविसंघको सयुक्त प्यानलबाट उम्मेदवार बनेका मैनाली २५१ मतकासाथ निर्वाचित भएका हुन् । उनका प्रस्तिस्पर्धी अखिल क्रान्तिकारीका दीपक वाइबा तामाङले ११९ मत प्राप्त गरेका छन् । सचिवमा अनेरास्ववियुका गणेश तिमल्सिनाले २७१ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी क्रान्तिकारीका ईश्वर ढुंगेलले ९१ मत प्राप्त गरेका छन् । कोषाध्यक्षमा नेविसंघका सुरज



बोलखेले २३६ मत प्राप्त गर्दा क्रान्तिकारीकाकी प्रास्ना दोङले ११५ मत प्राप्त गरे ।

त्यस्तै सदस्यहरुमा शिशिर ढकाल, मुना शिकारी, नितेश भण्डारी, नितिशकुमार यादव र अखिलेस कुमार यादव निर्वाचित भएका छन् । साथै समानुपातिकतर्फ अनेरास्ववियुले २२०, अखिल क्रान्तिकारीले ९५ र नेविसंघले ५७ मत प्राप्त गरेको छ । निर्वाचनमा ३७४ विद्यार्थीले मतदान गरेका थिए । यसैगरी स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनअन्तर्गत हेटौंडाको वनविज्ञान क्याम्पसको सभापतिमा नेविसंघको तर्फबाट श्यामराज भट्ट निर्वाचित भएका छन् । नेविसंघ र अनेरास्ववियुको प्यानलबाट भट्ट २४६ मतसहित विजयी भए । उनका प्रतिस्पर्धी अखिल क्रान्तिकारीका छत्र शाहीले ११८ मत ल्याए ।

सचिवमा अनेरास्ववियुका सुगम भुषाल क्षेत्री २६७ मतसहित विजयी बन्दा उनका प्रतिस्पर्धी र मेशसिह बोहराले १०१ मत प्राप्त गरे । कोषाध्यक्षमा नेविसंघकी पूर्णिमा पन्त १६७ मतसहित विजयी हुँदा उनका प्रतिस्पर्धी क्रान्तिकारीकी निरुता श्रेष्ठले १०२ मत ल्याइन् । सदस्यतर्फ पनि गठबन्धनकै युनिशा धामी, विनय तिमल्सिना, रोहन केसी, जष्टिना श्रेष्ठ र किरणकुमार रावल विजयी भए ।

यस्तै निर्मल बहुमुखी क्याम्पस स्ववियु सभापति र अन्य सबै पदमा अनेरास्ववियुको प्यानल नै विजयी भएको छ । प्रशान्त भण्डारीको नेतृत्वमा रहेको समितिमा मुना भण्डारी सचिव, सविन अर्याल कोषाध्यक्ष र सदस्यहरुमा अम्बिका अर्याल, आयुषा ढकाल, सुजन तामाङ र दूर्गाकुमारी पण्डित निर्वाचित भएका छन् । कूल ८७ मतदाता रहेकोमा ८४ जनाले मतदान गरेका थिए । ५३ मत ल्याएर अनेरास्ववियुको प्यानल नै विजयी भएको हो । अखिल समाजवादीको उम्मेदवारले भने ३१ मत प्राप्त गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडामा इभी उद्योग

नेपालमै सवारी एसेम्बल तथा उत्पादन गर्न उद्योग दर्ता हुने क्रम बढिरहेको अवस्थामा हेटौंडामा विद्युतीय मोटरसाइकल तथा स्कुटर, विद्युतीय कार र प्यासेन्जर भ्यानसमेत उत्पादन/एसेम्बल गर्नेगरी उद्योग स्थापना हुने भएको छ । 'टीबीडी इन्फ्राटेक' कम्पनीले हेटौंडामा एसेम्बल प्लान्ट स्थापना गरेर सवारीसाधनका साथै विद्युतीय सवारी चार्ज गर्ने आवश्यक चार्जरसमेत नेपालमै बनाउने भएको हो । गत कात्तिकमा टीबीडी इन्फ्राटेकले हेटौंडामा उद्योग स्थापना गरेर सवारी उत्पादन गर्ने भन्दै उद्योग दर्ता गरेको हो । विश्वभर बढ्दै गएको जलवायु परिवर्तन संकट नियन्त्रण गर्न जैविक इन्धन (पेट्रोलियमपदार्थ) को सट्टा विद्युतीय, सोलार जस्ता नवीकरणीय ऊर्जाको प्रयोग बढ्दै गएको छ । विद्युतीय सवारी इलेक्ट्रिक मोटर र व्याट्रीद्वारा सञ्चालित हुने सवारी हो । धेरै राष्ट्रहरुले पृथ्वीमा कार्बन उत्सर्जन र कार्बनडाइअक्साइडको चंगुलबाट मुक्तगर्न काम गरिरहेका छन् । नेपाल सरकारले विद्युतीय सवारी साधनको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिएको छ । सरकारको नीति तथा कार्यक्रममार्फत् पेट्रोलियमपदार्थ माथिको परनिर्भरता घटाउन विद्युतीय सवारी साधनको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिने भनिएको थियो । सरकारले विद्युतीय सवारी दर्ता गर्न छुट्टै कार्यविधि जारी गरेको छ ।

कानुन बाधक भएकाले नेपालमै बनेको विद्युतीय मोटरसाइकल 'यात्री' दर्ता हुन नसकेपछि सरकारले द्रुतमार्गबाट विद्युतीय सवारी दर्ता प्रक्रिया खुला गरेको हो । नेपालमा बनेको विद्युतीय बाइक 'यात्री' ले नम्बरप्लेट नपाएपछि उत्पादन बन्दगर्ने चेतावनी दिएको थियो । विद्युतीय सवारीको बढ्दो मागका कारण टीबीडी इन्फ्राटेक कम्पनीले विद्युतीय सवारीमात्र उत्पादन गर्नेगरी उद्योग स्थापना गर्ने बताइएको छ । ठूलो वर्गको यो उद्योगमा १ अर्ब ८९ करोड ४९ लाख रुपैयाँ लगानी प्रतिबद्धता गरिएको छ । उत्पादनमूलक उद्योगकारुपमा दर्ता भएको टीबीडी इन्फ्राटेकले उद्योग सञ्चालनमा आइसक्दा १ सयजनालाई प्रत्यक्ष रोजगारी दिने जनाएको छ । टीबीडी इन्फ्राटेकले ठूलो संख्यामा सवारीसाधन उत्पादनको प्रस्ताव गरेको छ । यो उद्योगले दुईपांग्रेका साथै प्यासेन्जर कार र विद्युतीय भ्यान उत्पादन गर्ने बताइएको छ । टीबीडी इन्फ्राटेक वार्षिक ५ हजार थान दुईपांग्रे विद्युतीय सवारी, विद्युतीय प्यासेन्जर कार ७ हजार वटा र विद्युतीय चारपांग्रे भ्यान २ हजार वटा उत्पादन गर्ने योजना अघि सारेको छ । उद्योगले वार्षिक कुल १४ हजार सवारी उत्पादन गर्ने प्रस्ताव गरेको हो । उद्योगले विद्युतीय सवारीका लागि अत्यावश्यक चार्जर पनि उत्पादन गर्ने बताएको छ । टीबीडी इन्फ्राटेकले वार्षिक ५ हजार वटा ईभी चार्जर उत्पादन गर्ने प्रस्ताव गरेको हो । नेपालमा हाल यात्री मोटरसाइकलले विद्युतीय चार्जर उत्पादन गर्दै आएको छ भने अन्य सबैजसो चार्जर चीनबाट आयात हुँदै आइरहेको छ ।

नेपालमा सवारी एसेम्बल गर्न भन्दै ४ दर्जनभन्दा बढी उद्योग दर्ता भइसकेका छन् । विगतमा हुलास मोटर्सले विराटनगरमा नेपालमै सवारी उत्पादन गर्दै आएको थियो । तर, सरकारले २०६९ मा युरो थ्री स्तरको सवारीप्रदूषण मापदण्ड कार्यान्वयनमा ल्याएपछि हुलास मोटर्स पूर्णरुपमा बन्द भयो । हाल यो उद्योगले पनि तीनपांग्रे विद्युतीय सवारी एसेम्बल गर्दै आएको छ । त्यसपछि बजाजको मोटर साइकल नेपालमै एसेम्बल सुरु गरेको थियो । त्यसयता नेपालमा मोटरसाइक्ल तथा स्कुटर आयात गर्ने सबैजसो कम्पनीले नेपामै एसेम्बल गर्दै आएका छन् । बजाज, टीभीएस, यामाहा, रोयल इनफिल्ड, सुजुकी, होन्डालगायत ब्रान्डले मोटरसाइकल तथा स्कुटर एसेम्बल गरिरहेका छन् । चीनबाट विद्युतीय स्कुटर आयात गर्दै आएका कम्पनीहरुले पनि सानो स्केलमा सीकेडी आयात गरेर वर्कशपमै भएपनि एसेम्बल गरिहेका छन् । चारपांग्रे सवारी एसेम्बल भने नेपालमा हुन्डाईले सुरु गरेको हो । हुन्डाईको नेपालका लागि आधिकारिक बिक्रेता लक्ष्मी समूहअन्तर्गतको लक्ष्मी इन्टर कन्टिनेन्टलले एक वर्षअघिबाट नवलपरासीको रामग्राममा प्लान्ट स्थापना गरेर हुन्डाईको भेन्यु कार नेपालमै बनाइरहेको छ । यो कम्पनीले हुन्डाईको क्रेटा र आईटेन कार पनि परीक्षण उत्पादन गरिसकेको र बिक्रीका लागि ल्याउने तयारीमा रहेको बताइएको छ । अन्य धेरै कम्पनीले नेपालमै कार बनाउने भनेर उद्योग दर्ता गरेपनि हालसम्म हुन्डाईबाहेक अन्यले ठोस काम भने गरेका छैनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ८ गते शुक्रबार २१ मार्च २०२५ । सप्तमी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:९, सूर्यास्त ६:१५ । अन्तर्राष्ट्रिय जातिय उत्पीडन विरुद्धको दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# राष्ट्रिय एकता र राष्ट्रियताको मर्ममा कर्तव्यका कुरा



✍ सागर पण्डित

हामीकहाँ देशमा विकास र सुशासन कायम हुन सकेन भनेर त्यसको वास्तविक कारण र मर्म पहिचान गर्नुभन्दा एउटा पक्षले अर्को पक्षलाई आरोप-प्रत्यारोप गर्ने अनि देशलाई कंगाल नै बनायो भनेर सबै दोष राजनीतिक नेतृत्व एवं प्रशासनिक पक्षलाई थोपर्ने प्रवृत्ति व्यापक छ । चारैतिर निराशा फैलाउने र देश खत्तम नै भयो भन्ने भाष्य पनि सिर्जना गरिँदै छ । तर देशमा विकास, समृद्धि र सुशासन कायम गर्न कुन-कुन पक्षका के-कस्ता भूमिका रहनुपर्छ भन्ने बारेमा खोजतलास अनि बहस पैरवी नै हुन सकेको छैन । पक्कै पनि राजनीति देशको प्रमुख नीति नै हो । त्यसैले राजनीति गर्नेहरुको हातमा मुलुकको भविष्य अडिएको हुन्छ । राजनीतिलाई सफल र असफल बनाउने भूमिका प्रशासनिक क्षेत्रको हुन्छ । अत: मुलुकलाई समृद्ध बनाउने प्रमुख भूमिका राजनीति र प्रशासनकै हो ।

तर देश बनाउने जिम्मेवारी यी दुई पक्षको मात्रै होइन, निजी क्षेत्रको पनि त्यत्तिकै ठूलो भूमिका रहन्छ भने आम नगारिक समाजको सकारात्मक सहयोग, सहभागिता र सकारात्मक सोचविना मुलुकलाई किमार्थ पनि समृद्ध बनाउन सकिँदैन । त्यसैले हाम्रो निजी क्षेत्र पनि आमूलरुपमा सच्चिन जरुरी छ । त्यसका साथै नागरिक समाजका सबै सदस्यहरुले पनि मुलुकको विकास, समृद्धि र सुशासनका लागि आवश्यक भूमिका निर्वाह गर्न सक्नुपर्छ । जुन देशको सरकार र त्यहाँका जनता राष्ट्रिय एकताप्रति संवेदनशील हुँदै एकजुट हुन्छन् त्यस्तो देशले छिट्टै विकास र समृद्धि हासिल गर्न सक्छ । नेपालले वर्षौंदेखि विकास र प्रगति हासिल गर्न नसक्नुको मुख्य कारणमध्ये एक कारण हो राष्ट्रिय एकतामाथिको बेवास्ता । यहाँका सर कार र नागरिकहरु विगतदेखि अहिलेसम्ममा आइपुग्दा पनि राष्ट्रिय एकता र राष्ट्रिय भावनाको मालामा गाँसिन सकेका छैनन् ।

सरकारले राम्रो काम गर्न सकेमा शासकीय व्यवस्थाप्रति आम नागरिकले अपनत्व महसुस गर्न सक्छन् तर हामीकहाँ बन्ने गरेका केही अपवादबाहेक सबैजसो सरकार भ्रष्टाचारमा लिप्त हुने र आम नागरिकको समस्या समाधान गर्न उदासीन हुँदै आइरहेकाले नागरिकहरुले मुलुकमा वास्तविक सरकार भएको अनुभूति नै गर्न सकेको देखिँदैन । यद्यपि नागरिकहरुले पनि आफ्नो दायित्व र जिम्मेवारीलाई गहनरुपमा लिन सकेका छैनन् ।

त्यसैले हामीकहाँ सबै पक्षमा कुनै न कुनै त्रुटि देखिन्छ । त्यसैले मुलुकले अहिले पनि विभिन्न समस्या झेल्न बाध्य छ । सरकारले नागरिकप्रतिको कर्तव्य निर्वाह गर्न सक्नुपर्छ भने नागरिकले पनि राज्यप्रतिको जवाफदेहिता निर्वाह गर्न सक्नुपर्छ । हामीकहाँ यी दुवै पक्ष आ आफ्नो जिम्मेवारी बहन गर्न चुक्दै आइरहेका छन् ।

नेपालको संविधान २०७२ को धारा ४८ मा नागरिकका कर्तव्यहरु स्पष्टसँग किटान गरिएको छ । ती कर्तव्यमध्ये सबैभन्दा महत्वपूर्ण कर्तव्यको रुपमा हरेक नगरिक राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु रहेको छ । यसै गरी संविधान र कानुनको पालना गर्नुपर्ने, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्नु पनि हरेक नागरिकको कर्तव्य नै रहेको विषयलाई संविधानले नै स्पष्ट गरिदिएको छ । हामीकहाँ नागरिकमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना अलि कमजोर हुँदै गइरहेको देखिन्छ, जसका कारण पनि मुलुकले विभिन्न खाले संकट व्यहोर्न परिरहेको छ ।

राष्ट्रिय एकता राष्ट्रिय भावनामा बाँधिने आन्तरिक इच्छा हो । राष्ट्रियता भनेको राज्य र नागरिकलाई जोड्ने कडी हो । राज्यको नागरिकप्रतिको कर्तव्य र नागरिकको राज्यप्रतिको जवाफदेही र जिम्मेवारिताको समष्टिगत स्वरुप नै राष्ट्रियता हो । राष्ट्रियताबाट नै राष्ट्रिय एकताको निर्माण हुन्छ । राष्ट्रिय एकता नै राष्ट्रिय अखण्डताको जग हो । राष्ट्रप्रतिको प्रेम नै राष्ट्रिय एकताको आधार हो । पछिल्लो समयमा हामी नागरिक समाजका सदस्यका रुपमा रहेकाहरु यति धेरै छाडा र अराजक हुन पुगेका छौं कि हामीलाई राष्ट्रियताको बारेमा मतलब नै छैन । विभिन्न समूह र संस्थामा रहेका नागरिक समाजका सदस्यहरु एक-आपसमा बसेर मुलुकप्रतिको आफ्नो जिम्मेवारीका बारेमा बहस पैरवी गर्ने र निष्कर्ष निकाल्ने काम निकै कम मात्रामा हुने गरेको छ ।

हाम्रो बहुल समाजलाई राष्ट्रिय एकताको सूत्रमा बाँध्नका लागि प्रमुख नेतृत्वदायी भूमिका भने राजनीतिक नेतृत्वहरुले नै खेल्नुपर्छ । सत्तामा जाने राजनीतिक नेतृत्वको कार्यशैलीले राष्ट्रियता कमजोर वा मजबुत बनाउन निर्णायक भूमिका खेल्ने हुनाले राजनीतिक नेतृत्वले नै पहलकदमी चाल्नुपर्छ । हरेक राजनीतिक दलको भूमिका राज्यलाई कमजोर होइन, सशक्त र बलियो बनाउने खालको हुनुपर्छ । यस्तै गरी समाजका सबै सदस्य, निजी क्षेत्र तथा नागरिक समाज एवं सरकारी, गैरसरकारी संघसंस्थाको भूमिका पनि राज्यलाई शक्तिशाली बनाउनकै लागि केन्द्रित हुनुपर्छ । यसै गरी स्थायी सरकारको रुपमा रहेको हाम्रो प्रशासनिक संयन्त्रले पनि यस विषयमा प्रभावकारी कदम चाल्नुपर्छ ।

राज्य र राष्ट्रियतालाई सशक्त बनाउन धेरैजसो सरकारहरु असफल भइरहेको अवस्थामा वर्तमान सरकारले विगतको शिक्षाबाट पाठ सिक्दै आगामी दिनमा राष्ट्रियता शक्तिशाली बनाउने गरी सोहीअनुसारका विकास कार्यक्रमहरु ल्याउन सक्नुपर्छ । नागकिरहरु पनि अब सच्चिएर सकारात्मक सोचका साथ सरकारलाई झकझक्याउँदै अगाडि बढ्नुपर्छ । मुलुक बनाउने सबै दायित्व सरकारको मात्रै हो भन्ने भ्रमबाट प्रत्येक नागरिकहरु मुक्त हुनुपर्छ ।

मुलुक बनाउन कुन-कुन ठाउँमा मेरो कस्तो भूमिका रहन्छ भनेर हरेक सचेत नागरिकले सोच्नुपर्छ । जुन संस्थामा नागरिकहरु रहन्छन् सोही संस्थामार्फत मुलुकको विकासमा सक्रिय योगदान दिन सक्नुपर्छ । अहिले विभिन्न निजी संघसंस्थाहरुबाट सामाजिक उत्तर दायित्वअन्तर्गत विभिन्न कार्यक्रमहरुसमेत सञ्चालन भइरहेका छन् तर ती कार्यक्रमहरु आशा गरेअनुसार उपलब्धिमूलक हुन सकिरहेका छैनन् । त्यसै गरी मुलुकको आर्थिक अवस्था उकास्ने महत्वपूर्ण भूमिकामा रहेका निजी क्षेत्रले पनि सामाजिक उत्तरदायित्वको क्षेत्रलाई फराकिलो बनाउन सक्नुपर्छ । मौका पाएसम्म देशलाई लुट्ने प्रवृत्ति निजी क्षेत्रले पनि त्याग्नुपर्छ । सरकारले आफ्नो नीति तथा कार्यक्रम बनाउँदा औचित्यका आधारमा भन्दा पनि सोर्सफोर्स र पहुँचका आधारमा बनाउने गरेको छ, जसका कारण जुन ठाउँमा विकास हुनुपर्ने हो त्यो ठाउँमा विकास हुन सकिरहेको छैन । यसका कारण मुलुकमा विकासमा निकै ठूलो असन्तुलन देखिँदै आएको छ । मुलुकमा भएको असन्तुलित विकासका कारण पनि आम नागरिकमा राज्य र सरकारप्रति अपनत्वको भावना सिर्जना हुन सकेको देखिँदैन ।

विगतमा केन्द्रीकृत शासन प्रणालीका कारण सन्तुलित रुपमा विकास हुन सकेन । त्यसैले विकट र दूरदराजमा रहेका नागरिकहरुले विकासको फल राम्ररी चाख्न पाएनन् । अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सञ्चालन भइरहेको छ । यो शासन व्यवस्थाअनुसार संघ, प्रदेश र स्थानीय तहबाट सरकारका कामकारबाहीहरु सञ्चालन भइरहेका छन् । तर पनि आम जनताले समान खालको विकासको अनुभूति गर्न नसकेका गुनासाहरु व्यापकरुपमा आइरहेका छन् । त्यसैले त्यस्ता खालका गुनासाहरु आउन नदिन तीनवटै सरकार सचेत बन्न जरुरी छ । यसै गरी राज्यद्वारा वितरण हुने विभिन्न खाले अवसर हरुमा असमानताको खाडल छ । त्यस्तो असमानता पनि तत्काल हट्नुपर्छ र अवसरमा समानता कायम हुने संयन्त्रको विकास गरिनुपर्छ । यसै गरी जातीय भेदभाव, स्रोत-साधनमा हुने विभेदलाई पनि हटाउनुपर्छ । तीनवटै सरकारहरुले विभिन्न नीतिहरु बनाउँदा विभेदकारी किसिमको बनाउनुहुँदैन ।

हाम्रो राजनीतिक नेतृत्वले विश्वमा नै निकै उन्नत मानिएको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न त सके तर सबैभन्दा उन्नत शासन प्रणाली स्थापना गर्न सके पनि सोही अनुसार उनीहरुले आफ्ना बानी व्यवहार र संस्कारलाई परिष्कृत गर्न सकेनन् । त्यसैले पनि हाम्रो राष्ट्रिय एकता र राष्ट्रियता कमजोर हुँदै गइरहेको हो । शासकीय व्यवस्थाले परिकल्पना गरेका मूल्य र मान्यताअनुसार हामी सबैले हाम्रो चरित्र र बानी व्यवहारमा परिवर्तन ल्याउन अत्यावश्यक छ ।

यसका साथै समाजमा व्याप्त लैंगिक र जातीय विभेदको अन्त्य गरिनुपर्छ भने राष्ट्रिय एकता र अखण्डताविरुद्ध कार्य गर्नेलाई कडारुपमा दण्ड गरिनुपर्छ । कुनै पनि बहानामा त्यस्ता अराष्ट्रिय तत्वलाई उन्मुक्ति दिनुहुँदैन । नागरिकहरुले पनि सरकारलाई खबरदारी त गर्ने पर्छ तर सधैं धारेहात र सत्तोसराप गरेर नकारात्मक अवस्था सिर्जना गर्नुहुँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# प्रधानमन्त्रीलाई पत्र : यी हुन्, उन्नत कृषिका सूत्र

✍ कृष्णप्रसाद पौडेल

प्रधानमन्त्रीज्यू, यहाँलाई भेटेरै कृषि क्षेत्र उन्नत बनाउन सरकारले लिनुपर्ने दृष्टिकोण र मार्गचित्रका बारेमा छलफल गर्न यहाँका निकट सहयोगीहरू मार्फत प्रयास गरेको थिएँ । यहाँको कार्यव्यस्तताले त्यो सम्भव भएन । तसर्थ, यो ध्यानाकर्षण पत्र लेखेको हुँ । यो पत्रलाई भविष्यमा गरिने छलफलको टिपोटको रूपमा लिनुहुनेछ भन्ने अपेक्षा समेत राखेको छु ।

यहाँलाई विदितै छ- स्थानीय भूगोल, पर्यावरण र संस्कृतिमैत्री भए मात्र कृषि प्रणाली उन्नत हुन्छ । तर भूमण्डलीकरणसँगै बढेको अन्तरनिर्भरताको परिवेशमा कृषिलाई आफ्नै विशेषतामा उन्नत बनाउन नसक्दा लामो समयदेखि हाम्रो कृषि प्रणाली निरन्तर ओरालो यात्रामा छ । 'बाह्र्य स्रोतको भर, बेच्ने बेला दलालको फन्दामा पर' को अवस्थामा पुगेको कृषिकर्म गरेर घरबार नचल्ने भएपछि किसानहरू खाडी लगायत अन्य देशमा कामको खोजीमा जान बाध्य भएका छन् । परिणामत: अहिले एकतिहाइ कृषि जमिन बाँझिएको छ । अनि, तिनैले रगत-पसिना गरी पठाएको विप्रेषणबाट खानेकुरा आयात गरेर घरपरिवारको गुजारा चलेको छ । यस्तो किन भयो ? प्रश्न पेचिलो छ । यसबारेमा थप चर्चा गर्न चाहन्छु ।

यूरोपको सम्म मैदानी ढाँचामा विकसित यान्त्रीकरण प्रविधिको बलमा उन्नत भएको औद्योगिक कृषि ढाँचा, दोस्रो विश्वयुद्धपछि थपिएका कृत्रिम रसायन, विषादी र नपुंसक बीउले हरित कृषि क्रान्तिका नाममा उपनिवेशी सामाज्यसँगै विश्वव्यापी बन्यो । यस्तो ढाँचाको जस्ताको तस्तै नक्कल गर्ने/गराउने पहलसँगै सबै भूभागका परम्परागत प्रकृतिसम्मत कृषि प्रणाली धेरै नै प्रभावित भए । यसको सबैभन्दा ठूलो प्रभाव भने आधुनिक विकासे बन्न अरूमाथि धेरै भर पर्दै गएको तर विविध भौगोलिक तथा वातावरणीय र सामाजिक विशेषता भएको कृषिप्रधान समाजमा पऱ्यो ।

यसरी आधुनिक हुने नाममा थोपरिएको औद्योगिक भनिने कृत्रिम रसायन र विषादीमा आधारित व्यापारिक कृषिले माटो र मानव स्वास्थ्य तहसनहस भइरहेको छ । उर्वरशील जीवित माटोले कृत्रिम रसायनका भरमा धिकिर-धिकिर गर्दै प्राण धानेको छ । र, मरुभूमिमा परिणत हुने प्रतीक्षामा छ । यसको प्राण गयो भने हाम्रो हालत के हुन्छ ? तराई र सम्म मैदानी माटोमा जैविक गतिविधि शून्य हुँदै गएको छ । निरन्तरको बाध्यकारी श्रम पलायनले सजिलो खेती भन्दै गरिएका खेती प्रविधिले माटोको जैविक प्रक्रिया र विविधता दुवै तहसनहस भएको छ । यन्त्रमा आधारित एकल खेतीले जैविक विविधता र माटोको जीवन तत्व ह्रास हुँदै गएको छ ।

प्रधानमन्त्रीज्यू, यस्तो प्रभावको समयमै वस्तुनिष्ठ समीक्षा भएन । उल्टै सम्म मैदानी कृषि ज्ञान, सीप र प्रविधिको पक्षपोषण गर्दै नेपालको कृषिलाई यान्त्रीकरण र औद्योगिकीकरण गर्दै व्यावसायिक बनाउने रटान लगाइरह्यौं । यो कुरा गर्दा हामीले नेपाली जलाधारको भौगोलिक तथा पर्यावरणीय विशेषता र यसैमा आधारित विविध खाद्य संस्कृतिको मर्म बिर्सौं ।

यसमाथि, अत्यधिक खनिज उत्सर्जन र प्रकृतिको अति दोहनले वितेका केही वर्षदेखि जलवायुमा भइरहेको आकस्मिक फेरबदलले तापक्रम वृद्धिका साथै पानीचक्रमा अनिश्चितता थपिएको छ । वर्षा हुने क्षेत्र, समय, सघनता र मात्रा सबै अनिश्चित जस्तै भएको छ । बढिर हेको तापक्रम, अप्रत्यासित र प्रक्षेपण गर्न समेत नसकिने गरी पानीचक्रमा आएको फेरबदल र वन विनाश तथा जैविक विविधताको उत्ताउलो दोहनले वातावरणीय तथा खाद्य संकट चुलिंदै गएको छ । प्राकृतिक लयमा रहेको हिउँदे र बर्खे पानी बिथोलिंदा खान र खेतीपातीमा सबैभन्दा बढी उपयोग हुने सतहमुनिको पानीको उपलब्धता स्वात्तै घटेको छ । चुरे र महाभारत शृंखलामा पानीको पूर्ण पुन: भण्डारण नभएको धेरै वर्ष भइसक्यो । अहिले हिउँद नसकिँदै पानीका मुहान सुक्न थालेका छन् । धेरै खोला र खोल्सामा हिउँदमा पानी नभएको वर्षौं भएको छ । यसको प्रभावले पहाडमा कतै बस्ती नै खाली भएका छन् भने कतै खेतीयोग्य जमिन बाँझै पल्टेका छन् ।

चुरे भावर र योसँगै जोडिएको तराई क्षेत्रमा पानीको अभावसँगै जमिन उजाड हुने तथा मरुभूमिकरणको जोखिम निरन्तर बढिरहेको छ । माथिबाट बगेर आउने माटो र मसिनो बालुवाले पानीको अवशोषण हुन नसकेर तल्लो तटीय क्षेत्रमा पानी सतहमै रहने हुँदा वर्षेनि तराई डुबानमा पर्ने गरेको छ । यो क्रम निरन्तर बढ्दो छ । साथै, उर्वर माटो पानीसँगै बगेर बंगालको खाडीमा पुगिरहेको छ ।

अहिले भइरहेको कृत्रिम रसायन र विषादीमा आधारित खेतीपाती र यसबाट आउने खाना विषाक्त छ भने आयातित खानेकुरा झनै अखाद्य र पत्रु छ । विषाक्त र पत्रु खानाले पोषण र स्वास्थ्यमा जे भइरहेको छ, त्यो खोपामा राखेको चक्कीदेखि अस्पतालका पर्चासम्मले स्पष्ट देखाउँछन् । नसर्ने दीर्घरोगका समस्याले आक्रान्त घरपरिवार, आफन्त सिंगो समाज भयभित र आतंकित छ । अस्पतालको भीडभित्र लुकेको आम मानिसका पीडाले सबै कुरा ओकलिरहेको छ ।

प्रधानमन्त्रीज्यू, खाना र खेतीपातीको दुरुह अवस्था र यसका अन्तरनिहित कारणले समाजको समग्र चेतनामाथि गम्भीर प्रश्न उठिरहेको छ । सबैलाई थाहा छ, खानामा परनिर्भर समाज आत्मनिर्भर र स्वाभिमानी हुनसक्दैन । हाम्रो विशेषताको यथार्थ धरातलमा टेक्न नसकेको स्वच्छ कृषि विकासको भविष्यमुखी दृष्टिकोण नहुनु नै यी सबै संकटको मूल कारक हो । यो कुरा आत्मसात् गरेर कृषि विकासको ढाँचा र अभ्यास नगरे हाम्रो कृषि जोगिँदैन ।

यी सबै कुराले हामीलाई केही आधार भूत प्रश्नमा गम्भीरतापूर्वक चिन्तनमनन् गर्न दबाब बढाइरहेको छ । किन हामी खानाका लागि गरिने खेतीपाती जस्तो आधारभूत प्रश्नमा विवेक गुमाउँदै गएका छौं ? किन विषाक्त खाना र खेतीपातीले निम्त्याएका माटो र मानव स्वास्थ्यका विकराल समस्या नभए झैं गरेर टक्टकिइरहेका छौं ? यी विषयमा थप स्पष्ट पार्दै कृषि विकासको दृष्टिकोणमा साझा सहमति बनाउन प्रधानमन्त्रीज्यूसमक्ष केही सुझाव राख्न चाहन्छु ।

कृषिक्षेत्र, हाम्रो खानाको बन्दोबस्तसँगै सामाजिक उन्नतिको मेरुदण्ड हो । योसँगै, अवलम्बन गरिने कृषि विकासको ढाँचाले समाज मात्र हैन, प्रकृतिमा समेत व्यापक फेरबदल ल्याउँछ भन्ने कुरा हरित क्रान्तिमा आधारित कृषि विकासको परिणामले देखाइरहेको छ । यसले थोपरेको कृत्रिम रसायन, विषादि र नपुंसक बीउले जैविक विविधता, माटो, पानी र मानव स्वास्थ्य तहसनहस पारेको छ । यो कटुसत्य आत्मसात् नगरी हाम्रो भूगोल, पर्यावरण, समाज र संस्कृतिसँग बिल्कुलै मेल नखाने युरोपेली सम्म मैदानी औद्योगिक कृषिको अन्धाधुन्ध नक्कल गर्दै बनाइएको कृषि विकासको ढाँचा र यसैलाई प्रवर्धन गर्ने राष्ट्रिय नीति नै अहिलेको हाम्रो खाद्य संकट र खाद्य पर निर्भरताको मूल कारण हो ।

विडम्बना, यी कुरा आत्मसात् गरेको कृषिलाई हेर्ने दृष्टिकोणमा राष्ट्रिय सहमति नभएकै कारण पालैपालो सत्तामा रहेका पार्टीका घोषणापत्रमा प्रस्ताव गरिएका कृषि विकासका नीतिगत प्रस्तावहरू समेत कार्यान्वयन भएका छैनन् । पार्टीहरूकै घोषणा कार्यान्वयन नहुनु हामी सबैका लागि लाजमर्दो कुरा भएन र ? तसर्थ, छिटोछिटो फेरिंदै र थपिंदै गएको जलवायु र खाद्य संकटका जटिलताको सम्बोधन गर्न सक्षम कृषि विकासको राष्ट्रिय दृष्टिकोणमा सहमति जुटाउन पहल गर्नुहुन यहाँलाई सादर अनुरोध गर्न चाहन्छु । यस्तो दृष्टिकोणले प्रकृति, मानव र यिनको बीचको अन्तरसम्बन्धको मूल्यमान्यता, भूगोल र प्रकृतिको विविधता र यसमा निहित प्रचुरताको कसीमा हाम्रो कृषिलाई परिभाषित गरी सोही अनुरुप कृषि प्रणालीका प्राथमिकता, मापदण्ड र ढाँचामा समेत साझा सहमति होस् भन्ने अपेक्षा राखेको छु ।

यस्तो ढाँचा बनाउँदा थप विचार पुऱ्याउन आवश्यक छ । पहिलो, स्थानीय प्रकृतिको विशेषतामा आधारित दिगो वृद्धिको दृष्टिकोणमा स्पष्ट हुनुपर्छ । बदलिंदो परिस्थितिमा बन्ने कृषि नीतिले दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकतामा राखी संक्रमणकालीन मार्गचित्र बनाउने आँट गर्नुपर्छ । अहिलेको जस्तो भूराजनीतिको भूत देखाएर तर्सिने वा तर्साउने गरेर हाम्रो विशेषताको कृषि विकासको ढाँचा बन्न सक्दैन । छिमेकी र अन्तर्राष्ट्रिय समुदायसँग सन्तुलित कूटनीतिक पहल गरे, हाम्रो मौलिक कृषि प्रणाली उन्नत बनाउन कसैले छेक्दैन । दोस्रो, अहिलेको जस्तो वैदेशिक लगानी बढाएर बाह्र्य स्रोतमा आधारित व्यावसायिक कृषि गर्ने र यसैबाट आम्दानी र रोजगारी बढाएर यो देशको कायापलट गर्ने मगन्ते सोचबाट मुक्त हुनुपर्छ । नभए माटो र खाना विषाक्त हुने मात्र हैन, हाम्रो जस्तो विविधतायुक्त भूगोल र प्रकृति, अर्थतन्त्रको आकार र स्थानीय कृषि पूर्वाधारको जीर्ण अवस्थामा यस्तो प्रतिस्पर्धी कृषि गरेर यो समाजलाई बोकाएको ऋण र विषको भारीले हामीलाई कहिल्यै उठ्न दिँदैन ।

तेस्रो, कृत्रिम रसायन विषादी र नपुंसक आयातित बीउको परनिर्भरता घटाउँदै, अहिलेको विषाक्त कृषिको जैविक रूपान्तरणको संक्रमणकालीन मार्गचित्र बनाइनुपर्छ । यस्तो मार्गचित्र, आजका खाद्य तथा अन्य कृषि उत्पादनको आवश्यकता पूरा गर्दै दिगो कृषि भावी पुस्तालाई सुम्पन संविधानको मर्म र भावना, सामाजिक न्याय र समानता, प्रकृति र पर्यावरणको दिगो व्यवस्थापनमा जोड दिइनुपर्छ । सँगै, माटो र मानवको स्वास्थ्यमा प्रतिकूल प्रभाव नपर्ने, प्राकृतिक पोषण चक्र, सबै जीव तथा वनस्पतिको सहअस्तित्व र समृद्धिमा जोड दिइने जस्ता दिगो कृषि तथा खाद्य प्रणालीका आधारभूत सिद्धान्तमा आधारित हुनुपर्नेछ ।

समग्रमा, यो स्वच्छ कृषिबाट स्वस्थ, पोषणयुक्त खानेकुरा र मानव जीवनमा बहुपयोगी कृषि उपजको उत्पादन गर्न सक्षम कमभन्दा कम बाह्र्य स्रोतको उपयोग गरी दिगो कृषिका आधार भूत सिद्धान्तमा आधारित कृषि प्रणाली स्थापित गर्ने, मुलुकलाई खाद्यमा आत्मनिर्भर बनाउने र तुलनात्मक लाभका कृषि उपजको प्रवर्द्धनबाट आयात प्रतिस्थापन गरिनुपर्छ । रोजगारी र आम्दानीमा वृद्धि गर्न सक्षम बनाउने, सबै नागरिकका लागि पर्याप्त पोषिलो खानेकुराको उपलब्धता र पहुँच बढाउने र आर्थिक रूपले सबल, सामाजिक न्याय र समानतामा आधारित दिगो पर्यावरणको सिद्धान्तका आधारमा कृषि क्षेत्रलाई उत्पादनशील र प्रतिस्पर्धी बनाउँदै लैजाने स्पष्ट दृष्टिकोण सहित यसको लक्ष्य र उद्देश्य किटान गरिएको हुनुपर्नेछ ।

यस्तो ढाँचा बनाउँदा विगतका नीतिगत तथा कानूनी प्रावधानहरूको तथ्यपरक समीक्षा, संविधानमा भएको समाजवादोन्मुख प्रस्तावना, खाद्य अधिकार, सुरक्षा र सम्प्रभुता सम्बन्धी मौलिक हक र यसको व्यवस्था गर्न बनेको ऐन र नियमावली, फेरिएको सामाजिक तथा वातावरणीय परिस्थिति (जलवायु परिवर्तन, खाद्य संकट, बसाइँसराइ), किसान हकको सम्मान एवं यी विषयमा भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको पालना जस्ता कुरालाई समेत ध्यानमा राखिनुपर्छ । अन्त्यमा, कृषि स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गरी उन्नत हुने प्रकृतिसम्मत उत्पादन प्रणाली हो । औद्योगिक कृषि विकासको ढाँचाले दिशाबोध गरे जस्तो यसको असीमित वृद्धि सम्भव हुँदैन ।

*(साभार: अनलाइनखबर)*

# संवैधानिक इजलासमा लाइसेन्सविनाका वकिलको बहस

काठमाडौं/खाजा ब्रेकपछि शुरु भएको सर्वोच्च अदालतको संवैधानिक इजलासमा बहस सुन्न बस्नेहरूको भीड पातलिँदै थियो । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीको बहसपछि कालो सर्ट, कालो पाइन्ट र कालै कोट लगाएका युवक बहस गर्ने पोडियमतिर अघि बढे । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले सोधे, 'तपाई कसकोबाट ?' बहस गर्ने कानुन व्यवसायीहरूलाई प्राय: न्यायाधीशहरूले यसैगरी प्रश्न सोध्ने गर्छन् ।

हुन पनि एक दर्जन रिट निवेदक रहेको ५२ संवैधानिक पदाधिकारी विरुद्धको मुद्दामा कुन कानुन व्यवसायी कसको तर्फबाट हुन् भनी न्यायाधीश अलमलिनु स्वभाविकै थियो । 'श्रीमान् म निशान्त बाबु खड्का,' उनले भने, 'समृत खरेल समेतको मुद्दामा म पनि रिट निवेदक हुँ ।' त्यसपछि उनले बहस शुरु गरे । उनी मुद्दाको विषय वस्तुमा प्रवेश गर्नुअघि मुद्दाकै पृष्ठभूमिमा जानुपर्ने हुन्छ ।

३० मंसिर, २०७७ मा प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशको भरमा बसेको संवैधानिक परिषद् बैठकबाट ३२ जना संवैधानिक निकायका पदाधिकारीको नाम सिफारिस गरेका थिए । त्यसलगत्तै ५ पुसमा प्रतिनिधिसभा पनि विघटन गरे । सबै कानुन व्यवसायीहरू अध्यादेश र प्रतिनिधिसभा विघटन विरुद्धको रिट निवेदन र मुद्दा मामिलामा केन्द्रित भए । नेपाल ल क्याम्पसमा कानुन पढिरहेका तीन विद्यार्थीहरू सुलभ खरेल, समृत खरेल र निशान्तबाबु खड्काले त्यही विषयसँग सम्बन्धित तर फरक मुद्दा अघि बढाएका थिए ।

नेपालको संविधानको धारा २९२ मा केही निश्चित संवैधानिक पदहरूमा अनिवार्य संसदीय सुनुवाइ गर्नुपर्ने व्यवस्था छ । तर, प्रतिनिधिसभा नियमावली, २०७५ मा सिफारिस भएका पदाधिकारीहरूको ४५ दिनभित्र संसदीय सुनुवाइ नभए उनीहरूको नियुक्त गर्न बाधा नहुने व्यवस्था राखिएको थियो । संसदीय सुनुवाइको व्यवस्था निस्तेज हुनेगरी



प्रतिनिधिसभा सञ्चालन गर्ने नियमावलीमा छुट्टै प्रावधान राखिएको र त्यो संविधानसँग बाझिएको दावी गर्दै कानुनका विद्यार्थीहरूले नियमावलीको व्यवस्था खारेजीको माग गरेका थिए । उनीहरूले संघीय संसदीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली, २०७५ को नियम २६(१) खारेज हुनुपर्ने माग गरेका थिए । उक्त नियममा ४५ दिनभित्र समितिले संसदीय सुनुवाइ नगरे नियुक्त गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था थियो ।

त्यो मुद्दा अरु ५२ संवैधानिक पदाधिकारीहरू विरुद्धको मुद्दाहरूसँग जोडियो । अनि, केही सातायता सुरु भएको सुनुवाइका दौरान तीन विद्यार्थीको मुद्दाको पालो आएको हो । बुधबारको सुनुवाइमा समृत र सुलभ खरेल संवैधानिक इजलासमा देखिएनन्, अर्का निवेदक निशान्त बाबु खड्काले इजलासको आदेश लिएर बहस गर्न थाले । 'नेपालको संविधानमा संसदीय सुनुवाइको व्यवस्था छ, नियमावलीमा सुनुवाइ नगरे पनि हुने अवस्था बन्यो,' खड्काले भने, 'संविधानको अनिवार्यतालाई नियमावलीले ऐच्छिक बनायो ।' उनलाई न्यायाधीश सपना प्रधान मल्लले रोकिन र सोधिन्, 'संसद्ले आफ्नो आन्तरिक कामकार बाहीका लागि बनाएको नियमावली अदालतले खारेज गर्न मिल्छ ?'

न्यायाधीश नहकुल सुवेदीले पनि संसदीय विशेषाधिकारमा बन्ने नियमावलीको न्यायिक परीक्षण हुने वा नहुनेबारे जिज्ञासा राखे । रिट निवेदक निशान्तबाबु खड्काले भार तमा भएको न्यायिक अभ्यास र त्यसबाट निर्मित नजीरको उदाहरण दिए । उनका अनुसार, संसद्ले बनाउने नियमावलीले संसद्को आन्तरिम कामकारबाहीलाई निर्देशित र व्यवस्थित गरेको हुन्छ । संसद्को आन्तरिक कामकारबाहीमाथि अदालतमा समेत प्रश्न उठाउन नमिल्ने विशेषाधिकार सहितको व्यवस्था छ ।

तर, त्यही नियमावली संविधानसम्मत छ कि छैन भनी न्यायिक परीक्षण भने हुनसक्ने भनी उनले बहसमा जिकिर गरे । उनले भने, 'संवैधानिक व्यवस्थालाई संसद्को नियमावलीले संशोधन गरि दियो । यो आफैंमा बदरयोग्य विषय हो, त्यसैले न्यायिक परीक्षण हुनसक्छ ।' २०७५ सालमा जारी भएको संघीय संसद्को संयुक्त समिति सम्बन्धी नियमावलीलाई २०७७ सालमा किन प्रश्न उठाएको भनी न्यायाधीशहरू सपना प्रधान मल्ल र नहकुल सुवेदीले फेरि प्रश्न सोधे । जवाफमा खड्काले संविधानसँग कानुन बाझिएको विषयमा हदम्यादको प्रश्न नहुने भन्दै थपे, 'संविधानमा संसदीय सुनुवाइको व्यवस्था गरेपछि त्यसको पालना हुनुपर्छ, नियमावलीले रोक्न मिल्दैन ।'

नेपालको संविधानमा कतिपय संवैधानिक पदाधिकारीहरूको नियुक्तिमा चरणवद्ध प्रक्रिया पार गर्नुपर्ने व्यवस्था रहेको भन्दै उनले सिफारिस, सुनुवाइ, नियुक्ति र त्यसपछि शपथ ग्रहणसम्मको काम प्रक्रियासम्मत हुनुपर्ने दलिल पेश गरे । उनले अमेरिका, पाकिस्तान, फिलिपिन्स लगायतका मुलुकको उदाहरण दिँदै नेपालमा पनि संविधान निर्माताले संसदीय सुनुवाइलाई अनिवार्य गर्न खोजेको जिकिर गरे । संवैधानिक पदाधिकारीहरूलाई संसदीय सुनुवाइ किन अनिवार्य गर्नुपर्छ र संविधानले ऐच्छिक बनाउन खोजेको होइन भन्ने जिरहका लागि उनले एक दशक पुरानो घटना इजलाससामू पेश गरे ।

पहिलो संविधानसभाको पदावधि सकिएपछि तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले १ चैत, २०६९ मा बाधा अड्काउ फुकाउ आदेश जारी गरे । उक्त आदेशमा संवैधानिक पदाधिकारी नियुक्त गर्ने र संविधानसभा गठन भएपछि एक महिनाभित्र उनीहरूको संसदीय सुनुवाइ गर्ने उल्लेख थियो । संविधानसभा नभएकै अवस्थामा त संसदीय सुनुवाइलाई रिक्त नबनाइएको उदाहरण पेश गर्दै उनले अहिलेको अवस्थामा सुनुवाइ नगरी नियुक्त गर्नु गैरसंवैधानिक हुने जिकिर गरे ।

संघीय संसदीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्य सञ्चालन नियमावली, २०७५ अहिले अस्तित्वमा छैन । त्यसको ठाउँमा २०८० सालमा नयाँ नियमावली जारी भएको छ । अहिले पनि पूरानो व्यवस्था यथावत राखिएको भन्दै त्यस्तो अवस्थामा सर्वोच्च अदालतले स्वत: नयाँ नियमावलीको संवैधानिकता परिक्षण गर्नसक्ने बताए । 'अविच्छिन्न असंवैधानिकताको अभ्यास' सम्बन्धी मान्यता अनुसार, त्यस्तो व्यवस्था खारेज हुनसक्छ,' उनले भने, 'संवैधानिक व्यवस्थाको अधिकतम दुरुपयोग भएको हुनाले त्यसैगरी संवैधानिकता परीक्षण हुनु आवश्यक छ ।' रिट निवेदक खड्काको बहस सकिएपछि कानुन व्यवसायीहरू एकसाथ उठे । अधिवक्ता ओमप्रकाश अर्यालले खड्कालाई इजलाससामू चिनाउँदै भने, 'उहाँको अर्कोसाता मात्रै लाइसेन्सको अन्तर्वार्ता छ, अहिले रिट निवेदकको रुपमा बहस गर्न आउनुभएको हो ।' सबै न्यायाधीशहरूले उनलाई अन्तर्वार्ताको सफलताको शुभकामना दिए ।

अरुको मुद्दामा बहस/पैरवी गर्ने कानुन व्यवसायीले नेपाल कानुन व्यवसायी परिषद्बाट अनुमतिपत्र (लाइसेन्स) लिनुपर्छ । लाइसेन्स नलिइ अरुको मुद्दामा बहस पैरवी गर्न पाइँदैन । तर, आफैंले दायर गरेको रिट निवेदन वा मुद्दामा भने सरोकारवालाले बहस गर्न कानुन व्यवसायीको लाइसेन्स लिनु पर्दैन । त्यही सुविधा अनुसार, आफैंले रिट निवेदन पेश गरेका कानुनका विद्यार्थी खड्काले लाइसेन्स नभए पनि मुद्दामा बहस गरेका हुन् । भर्खरै पाँच वर्षे बीएएलएलबी सकाएका खड्काले संचारकर्मीसँग भने, 'ल क्याम्पस पढ्दा नै हामीले सार्वजनिक सरोकारको विषयमा चासो राख्थ्यौं । त्यसै क्रममा संसदीय सुनुवाइ र संवैधानिक पदाधिकारीहरूको नियुक्तिको विषय उठाएका हौं ।'

*(स्रोत: अनलाइनखबर)*

# टोखाबाट बरामद २५ करोडको मालिक को ?

काठमाडौं/'जहिले पनि हामी भरिया समात्छौं, मालिक समात्दैनौं । सभामुखमार्फत मेरो अनुरोध छ- मालिक समातेर देखाउनुस् । २५ करोड कुनै भरियाको हुँदैन' बुधबारको प्रतिनिधिसभा बैठकमा सांसद अमरेशकुमार सिंहले भने ।

स्वतन्त्र सांसद सिंहको जस्तै सिन्धुपाल्चोकबाट निर्वाचित सांसद माधव सापकोटाले पनि यो प्रकरण उठाए । 'डलर र युरो गरेर २५ करोड रुपैयाँ बरामद भएको बाहिर आएको छ । यो घटनाले सिंगो देशलाई तरंगित बनाएको छ । यो घटनाले संगठित अपराध र तस्करीको जालो कुन स्तरसम्म झाँगिरहेको छ भन्ने प्रस्ट हुन्छ,' सांसद सापकोटाले भने ।

२५ करोड प्रकरणको गम्भीरतापूर्वक छानबिन हुनुपर्ने माग बुधबारको प्रतिनिधिसभा बैठकमा उठ्यो । यो प्रकरणले संसदसम्म चर्चा पाउँदा २५ करोडसहित पक्राउ परेका कुसाङ लामाको गाउँमा भने सुनसान छ । भोटेकोशी गाउँपालिका-१ का वडाध्यक्ष साङबु लामा भन्छन्, 'काठमाडौं संसद्सम्म चर्चा पायो होला । यता त सुनसान छ । मलाई एक-दुई जनाले फोन गरे, त्यति नै हो । गाउँघरमा केही हल्लाखल्ला छैन ।'

वडाध्यक्ष लामाले २५ करोडसहित पक्राउ परेका आफ्नै वडाका ४३ वर्षीय फुच्चे भनिने कुसाङलाई राम्रोसँग चिन्ने बताउँछन् । उनको सबै परिवार र बा-आमासँग समेत राम्रो चिनजान रहेका वडाध्यक्ष साङबुले पनि २५ करोडको हैसियत भएका व्यक्ति कुसाङ नरहेको बताएका छन् ।

यसअघि प्रहरीले समेत कुसाङ भरिया मात्रै रहेको बताए पनि अब यो २५ करोडका मालिक को हुन् भन्ने चासो बढेको छ । यही विषयमा बोल्दै सांसद सिंहले मालिक पत्ता लगाउनुपर्ने बताए । २५ करोडका मालिक खोजीको विषय संसदसम्म पुग्दा न भरियाले मालिकको नाम लिएका छन् न प्रहरीले नै भन्न सकेको छ । बरु सूचना भए हामीलाई सहयोग गर्नुस् न भन्ने बाहेक प्रहरी अधिकारीहरू औपचारिक रुपमा यस विषयमा बोल्दैनन् ।

प्रहरीको दाबीअनुसार पक्राउ परेका भरियाले भने आफूलाई सामाखुसीमा एक चिनियाँ नागरिकले उक्त रकम दिएको दाबी गरेका छन् । तरको स्वतन्त्र पुष्टि प्रहरीले गर्न सकेको छैन । चालकमाथिको सिलिङमा फल्स बटम बनाएर र खेको अवस्थामा गाडिसहित काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले सोमबार राति १० बजेतिर झोर बाट उनलाई पक्राउ गरेको थियो । उक्त ट्रक नुवाकोट हुँदै त्रिशुली निस्केर रसुवागढी हुँदै केरुङ जाने तयारीमा रहेको प्रहरीको दाबी छ ।

२५ करोड बराबरका डलर बरामद भएपछि यसको रुट



र पुग्ने गन्तव्य, डलरसँगै पक्राउ परेका व्यक्तिको पृष्ठभूमि र पक्राउ परेकाको बयानलाई आधार बनाउँदै प्रहरीले २५ करोडको 'नेक्सस' सुनसँग जोडेको छ । रसुवाबाट सीमापार गरेर अवैध रकम चीन पुग्ने र उताबाट सुन खरिद गरेर ल्याउने गरेको प्रहरीको दाबी छ । डलरलाई सुनसँग जोडेको प्रहरीले यसका मालिकका बारे भने केही खुलाएको छैन । प्रहरी उच्च स्रोतका अनुसार २५ करोडका मालिक नेपाली नागरिक नै रहेको आशंका गरिएको छ ।

२५ करोडका मालिक नेपाली नागरिक रहेको आशंकामा प्रहरीले अनुसन्धान अघि बढाएको छ । यसअघि सुन प्रकरणमै मुद्दा चलेर छुटेका व्यक्ति रकम हुनसक्ने भन्दै प्रहरी ती नागरिकलाई अनुसन्धानको राडरमा राखेको छ । अहिले प्रहरीले त्यही कोणमा अनुसन्धान गरिरहेको छ । प्रहरी उच्च स्रोतले अलाइनखबरसँग भन्यो, 'यसका मालिक नेपाली नागरिक हुनसक्ने अहिलेसम्मको अनुसन्धानले देखाएको छ । अहिले यही कोणबाट अनुसन्धान गर्दैछौं ।

प्रहरीले अहिले २५ करोड रुपैयाँका मालिक रहेको आशंकमा यसअघि एक पटक सुन तस्करीकै मुद्दा चलेका व्यक्तिमाथि केन्द्रित भएर अनुसन्धान गरेको छ । प्रहरीका अनुसार ती व्यक्तिविरुद्ध यसअघि राजश्व अनुसन्धान विभागले मुद्दा चलाएको थियो । त्यतिबेला उनी धरौटीमा रिहा भएका थिए ।

उक्त रकम उनै व्यक्तिको हुनसक्ने आशंकमा प्रहरीले अनुसन्धान अघि बढाएको छ । यता, प्रहरीले मंगलबारको पत्रकार सम्मलेनमा भने २५ करोडसहित पक्राउ परेका व्यक्ति यसअघि समते ७ किलो सुनमा पक्राउ परेर जेल गएका व्यक्ति रहेको आपराधिक प्रवृत्ति रहेकाले केही नखुलाउँदा मालिक पहिचान गर्न गाह्रो भएको बताएको थियो ।

**गाडी मालिकमै आशंका**

भरिया कुसाङको आर्थिक अवस्था केलाउने हो भने यो गाडी नै किन्ने हैसियतामा रहे/नरहेको आशंका देखिने प्रहरी अधिकारीहरू बताउँछन् । सामान्य किसान परिवारका कुसाङले चलाएको ट्रक उनका आमाको नाममा रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता काजीकुमार आचार्य बताउँछन् ।

पक्राउ परेका कुसाङले भने प्रहरी समक्ष उक्त ट्रक भाइले खरिद गरेर आमाको नाममा पास गरेको बताएका दाबी गरेका छन् । उनको परिवारमा बा-आमा, चार छोरा र एक छोरी छन् ।

भोटेकोशी गाउँपालिका-१ का वडाध्यक्ष साङबुका अनुसार कुसाङका दुई दाइ पनि चालकको काम गर्छन् । भाइ भने अहिले गाउँमा नरहेको उनले बताए । 'सामान्य परिवारका मान्छे हुन् । गाउँमा खेती किसानी गरेर जिविकोपार्जन गर्छन् । प्रहरीले पक्राउ गरेपछि मात्रै आमाको नाममा ट्रक रहेछ भन्ने थाहा पाएँ,' वडाध्यक्ष साङबु भन्छन् ।

प्रहरीले समेत उनको आर्थिक अवस्था कमजोर रहेको सूचना पाएपछि ट्रक खरिदबारे समेत अनुसन्धान अघि बढाएको छ । उक्त ट्रक समेत सुन तस्करको समूहले खरिद गरेर प्रयोग गर्न दिएको आशंका गर्दै प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

**राजस्व अनुसन्धान गर्दै**

प्रहरीका साथै यो प्रकरणको अनुसन्धान राजस्वले पनि सुरु गरेको छ । प्रवक्ता आचार्यका अनुसार कुसाङलाई मंगलबार नै युरो, डलर र ट्रकसहित राजश्व अनुसन्धान विभागको कार्यालय हरिहर भवन, ललितपुर बुझाइएको छ । उनीमाथि राजस्व छली तथा विदेशी मुद्राको कारोबार गरेको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को कसुरमा उच्च अदालत पाटनबाट म्याद लिएर विभागले अनुसन्धान अघि बढाएको छ ।

कुसाङलाई ना. ७ख १६५२ नम्बरको ट्रकसहित प्रहरीले झोरबाट पक्राउ गरेको थियो । उक्त ट्रकमा २५ करोड १९ लाख २४ हजार ९५० रुपैयाँ बराबरका युरो र अमेरिकी डलर बरामद भएको थियो । उनै कुसाङ यसअघि १३ पुस २०७३ मा ७ किलो सुनसहित कलंकीबाट समातिएका थिए । त्यतिबेला पनि रसुवा नाकाबाट गल्छी हुँदै काठमाडौं आएको बा. ८च ७४२० नम्बरको हाइलक्स गाडीबाट ७ किलो सुन बरामद भएको थियो । कुसाङले चलाएको गाडीको एयरफिल्टरमा लुकाएको अवस्थामा सुन बरामद भएको थियो । यो प्रकरणमा उनी ५ वर्ष जेल बसेर २०७८ मा छुटेका थिए । अहिले फेरि ठूलो मात्रामा डलर र युरोसहित पक्राउ परेका हुन् ।

*(स्रोत: अनलाइनखबर)*

# सशर्त अनुदानमा संघ सरकारको मोह, वित्तीय स्वायत्तता हनन् जोखिम

काठमाडौं/संघीय सरकारबाट स्थानीय तहमा जाने चार प्रकारका अनुदानमध्ये सशर्त अनुदानमा संघ सरकारकै विशेष मोह देखिन्छ । यस्तो अनुदानको हिस्सा हरेक वर्ष बढ्दै जाँदा त्यसले स्थानीय सरकारहरूको वित्तीय स्वायत्तता नै हनन हुने जोखिम रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले औंल्याएको छ ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघ सरकार बाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने ससर्त अनुदानका आधारका सम्बन्धमा सरकारलाई सिफारिस गर्दै आयोगले अब संघीय सरकारबाट स्थानीय र प्रदेश सरकारलाई यस्तो अनुदान आयोजना नतोकी पठाउन समेत सुझाव दिएको छ । स्थानीय सरकारमा चालु आव २०८१/८२ मा कुल ३ खर्ब १२ अर्ब ४२ करोड रुपैयाँ वित्तीय हस्तान्तरण गरिएको छ । जसमध्ये ससर्त अनुदान २ खर्ब ८ अर्ब ९२ करोड छ । यो कुल अनुदानको ६६.८७ प्रतिशत हो ।

संघ सरकारले प्रदेश र स्थानीय तहलाई सर्तसहित वित्तीय अनुदान उपलब्ध गराउँछ । यसलाई ससर्त अनुदान भनिन्छ । यस्तो अनुदानको रकम स्थानीय सरकारहरूले आफ्नो प्राथमिकतामा खर्च गर्न सक्दैनन् । जसका लागि केन्द्र सरकारले नै तोकेको आयोजना/कार्यक्रम वा क्षेत्रमा खर्च गर्नुपर्छ ।

केन्द्र सरकारबाट विनासर्त जाने अनुदान वित्तीय समानीकरण अनुदान हो । आयोगले अन्य अनुदान घटाउँदै वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउन हरेक वर्ष सुझाव दिँदै आएको छ । तर, सरकारले कार्यान्वयनमा अटेर गरेको देखिन्छ । चालु आव ८८ अर्ब रुपैयाँ वित्तीय समानीकरण अनुदान विनियोजन गरिएको छ । जुन कुल अनुदानको २८.१७ प्रतिशतमात्र हो । पछिल्लो ७ वर्षको तथ्यांक हेर्दा सरकारले स्थानीय तहमा वित्तीय समानीकरण हिस्सा निरन्तर घटाउँदै ससर्त अनुदान हिस्सा बढाएको देखिन्छ ।

**आयोगले औंल्यायो जोखिम**

विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकारका बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर कामय गर्न संघीय सरकारले प्रदेश र स्थानीय तहलाई सर्तसहित वित्तीय अनुदान उपलब्ध गराउने गर्छ । यस्तो अनुदानको हिस्सा घटाउँदै जानुपर्ने आयोगको सुझाव छ । तर, सरकारले यस्तो अनुदानको हिस्सा बढाउँदा स्थानीय सरकारहरूको वित्तीय स्वायत्ततामाथि अंकुश लगाउने दिशातर्फ सरकार बढेको अनुभूति भएको आयोगको भनाइ छ ।

'संघीय सरकारले स्थानीय सरकारलाई हस्तान्तरणका लागि विनियोजन गरेको कुल अनुदानमा यसरी ससर्त अनुदानको हिस्सा बढाउँदै लैजानु र वित्तीय समानीकरण अनुदानको हिस्सा घटाउँदै लैजानुबाट आयोगको ससर्त अनुदान घटाउने र समानीकरण बढाउँदै लैजाने सुझावको मर्म तथा स्थानीय सरकारहरूको वित्तीय स्वायत्ततामाथि अकुंश लगाउने दिशातर्फ त बढिरहेको छैन भन्ने विषयमा सोच्नुपर्ने अवस्था आएको छ,' आयोगले भनेको छ ।

आयोगले सिफारिस गरिएका आधारभित्र रहेर एक अर्को तह र निकायका आयोजनामा दोहोरो नपर्ने गरी तथा एक अर्को तहको कार्य क्षेत्र अतिक्रमण नहुने गरी ससर्त अनुदान प्रदान गर्नसमेत भनेको छ । अर्कातर्फ, महालेखा परीक्षकको कार्यालयले ससर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका तर समयभित्र कार्यान्वयन हुन नसकेका कार्यक्रमको बजेट नियमानुसार समयमै सञ्चित कोषमा फिर्ता हुन नसकेको विषयलाई गम्भीर लिएर समाधान गर्न आयोगले भनेको छ ।

**आयोगकै सिफारिस कार्यान्वयनमा उदासीन सरकार**

आयोगले विगतमा दिएका सुझाव कार्यान्वयनको अवस्था समेत यसपालि विश्लेषण गरेको छ । जसमा आयोगका सिफारिस कार्यान्वयनमा सरकार उदासीन रहेको देखिन्छ । आयोगका अनुसार अधिकांश मन्त्रालयले कार्यक्रमगत रूपमा ससर्त अनुदान हस्तान्तरण गर्दा आयोगले तोकेको आधार खुलाउने गरेका छैनन् । कतिपय मन्त्रालयले आयोगले तोकेभन्दा फरक आधार खुलाइ ससर्त अनुदान दिने गरेका छन् ।


केही मन्त्रालयले सम्बन्धित आर्थिक वर्षभन्दा अघिल्ला आर्थिक वर्षमा सिफारिस गरिएका आधारलाई पछिल्लो वर्षमा समेत आधारका रूपमा उल्लेख गरेको पाइएको छ । आर्थिक वर्षको बीचमा पनि संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारमा ससर्त अनुदानका कार्यक्रम जाने गरेका छन् । कतिपय अवस्थामा विनियोजन ऐनमा समावेश नगरी अख्तियारी मोडेलबाट समेत ससर्त अनुदान हस्तान्तरण गरिएको पाइएको छ ।

**नयाँ सिफारिस के दिइयो ?**

आयोगले आगामी आव २०८२/८३ का लागि समेत ससर्त अनुदान सिफारिस गरेको छ । जसमा नेपाल सरकारको अधिकारको सूचीभित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने भए ससर्त अनुदान दिन भनिएको छ । राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश र स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने भए समेत यस्तो अनुदान दिन सकिने उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# चैत २९ मा नआउने भयो राजेश हमालको 'नरसिंहा अवतार'



काठमाडौं/आगामी नयाँ वर्ष २०८२ लाई लक्षित गरेर चैत २९ गतेलाई प्रदर्शन मिति घोषणा गरिएका तीन एक्सन फिल्ममध्ये 'नर सिंहा अवतार' प्रतिस्पर्धाबाट पछाडि हटेको छ ।

प्राविधिक काम नसकिएकाले पूर्वनिर्धारित मितिमा फिल्म नआउने निर्देशक दीवाकर भट्टराईले जानकारी दिए । फिल्मको नयाँ प्रदर्शन मिति भने तय भएको छैन । तर, आगामी जेठमा रि लिजको तयारी भइरहेको उनले बताए ।

दीवाकरले फिल्मीखबर सँग भने, 'हामीले भर्खरै छायांकन सकेका हौं । त्यसैले प्राविधिक काम अझै धेरै बाँकी छ । अनि चैत २९ मा धेरै नेपाली फिल्म हुने भए । किन भिड्नु भन्ने सोचले पनि त्यो मितिमा नआउने निधो गरेका हौं ।

अब जेठतिर प्रदर्शन गर्ने विषयमा कुरा भैरहेको छ । फिल्म जेठ पछाडि चाहिँ जाँदैन ।' उनले फिल्मलाई एकल रिलिजका लागि प्रयास भैरहेको पनि बताएका छन् ।

'नरसिंहा अवतार' अभिनेता राजेश हमालको आठ वर्षपछिको कमब्याक फिल्म हो । यसैले यो फिल्मप्रति दर्शकमा चासो र अपेक्षा उच्च छ । हमाल स्वयंका लागि पनि यो फिल्म निकै महत्त्वपूर्ण छ । किनकि, उनका पछिल्ला केही फिल्म अपेक्षित चल्न सकेनन् । जसले गर्दा उनले आठ वर्ष ब्रेक लिए । अब करिअरलाई पुरानै लयमा फर्काउन उनका लागि 'नर सिंहा अवतार' चल्नैपर्ने देखिन्छ ।

यसमा राज कट्टुवाल, नीति शाह, सनिशा भट्टराई, नीर शाह, सरोज खनाल, उषा खड्गी (पूर्वमिस नेपाल), प्रशान्त ताम्राकार, दीपा शाही, राजिव बस्नेत, अर्जुन श्रेष्ठ, अमित श्रेष्ठ लगायतको पनि अभिनय छ । फिल्मको निर्मातामा नेम महर्जन, नरेन्द्र महर्जन, दीपक ढकाल र ुव न्यौपाने छन् । चन्द्र पन्तको द्वन्द्व निर्देशन रहेको फिल्ममा राजेश हमाल दुई फरक लुक्समा देखिने जनाइएको छ ।

# 'हिउँको गीत'को पोस्टरमा उदास वर्षा

काठमाडौं/अभिनेत्री वर्षा राउतको मुख्य भूमिका रहेको फिल्म 'हिउँको गीत'को मोसन पोस्टर सार्वजनिक भएको छ । फिल्मका पाँच प्रमुख कलाकारलाई समेटिएको पोस्टरले फिल्मको विषयवस्तुलाई विम्बात्मक रुपमा प्रस्तुत गरेको छ । औँठाछापको पृष्ठभूमिमा तयार पारिएको पोस्टरले विस्थापनको कथासँगै कलाकारहरुको उदास भावमार्फत् चरित्रको अनन्त प्रतीक्षाको नियतिलाई संकेत गर्छ ।

फिल्मलाई रंगकर्मी विमल सुवेदीले निर्देशन गरेका हुन् । उनको यो डेब्यु निर्देशकीय फिल्म हो । यसमा उनी स्वयंको कथा तथा पटकथा छ । लेखनमा उनलाई फिल्म 'साँघुरो'का निर्देशक जोयश पाण्डेले सघाएका छन् । फिल्ममा जोयश स्वयं मुख्य भूमिकामा छन् । उनको जोडी वर्षासँग बाँधिएको छ ।

आकाश खतिवडा, ईशिर कर्माचार्य, पूजा चन्द, थोमस किथ स्कट, केदार उप्रेती, आर बी खड्का, अर्जुन रसाइली, मनोरथ खनाल लगायतको पनि अभिनय रहेको फिल्मको छायांकन अमेरिकाको क्लिभल्यान्ड र पिट्सबर्ग सहरमा गरिएको हो । फिल्मलाई ह्याप्पी होम स्टुडियोजका लागि जोयश पाण्डेय, विमल सुवेदी र समुन्द्र राज घिमिरेले निर्माण गरेका हुन् ।

जिया कुइँकेल खतिवडा, करुण कुइँकेल, कौशिला खनाल कर्माचार्य, आकाश खतिवडा र मनोरथ खनाल कार्यकारी निर्माता तथा राकेश भट्टराई, रमेश लुइँटेल र पुण्य कुइँकेल सह-निर्माता रहेको फिल्ममा चिनइन गाउको छायांकन, निशान घिमिरेको सम्पादन, देउकुमार राई नेतृत्व समूहको कला निर्देशन, दिकेश खड्गी शाहीको ध्वनि रेकर्ड तथा सम्पादन, शंकर बिसी र कौशिला खनाल कर्माचार्यको नृत्य निर्देशन छ ।

फिल्मले नेपाली भाषी भुटानी तथा नेपाली आप्रवासीको कथा सशक्त रुपले उठाएको विमल सुवेदीको भनाइ छ । भुटान, नेपाल र अमेरिकामा जन्मेहुर्केका फरक-फरक पुस्ताका सपना, आकांक्षा, पहिचानको संकट, संघर्ष, नेपाली भाषी भुटानीहरुमाथि त्यतिबेलाको शासकले गरेको चरम अन्याय, अत्याचार, बर्बरता र चरम यातनालाई फिल्ममा समेटिएको उनले जानकारी गराए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कैलाशको अर्धवार्षिक समीक्षा, चालुतर्फ ४२.६ प्रतिशत वित्तीय प्रगति

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ मकवानपुरको कैलाश गाउँपालिकाको बुधबार आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा भएको छ ।

समीक्षामा प्रस्तुत भएको विवरणअनुरुप गाउँपालिकाले फागुन मसान्तसम्ममा गाउँपालिकाको चालुतर्फ ४२ दशमलब ६ प्रतिशत वित्तीय प्रगति भएको छ । चालुतर्फ ३३ करोड २२ लाख ६६ हजार ३४० रुपैयाँ बजेटमध्ये ४२ दशमलब ६ प्रतिशत बजेट खर्च भएको गाउँपालिका आर्थिक प्रशासन शाखाप्रमुख नवीन धितालले बताए । पुँजीगततर्फ भने १३ दशमलब ९८ प्रतिशत खर्च भएको उनले बताएका छन् ।

प्रदेश कार्यक्रमबाट प्राप्त अनुदानमा २४ दशमलब ४९ प्रतिशत खर्च भएको बताउँदै संघीय सरकारको ४० दशलमब ६२ प्रतिशत रकम खर्च भएको धितालले बताए । गाउँपालिकाले वडागत आम्दानीमा १९ लाख ४२ हजार ४६९ रुपैयाँ राजश्व संकलन गरेको छ । गाउँपालिकाले तोकिएको विभिन्न राजश्व शीर्षकमा हालसम्म प्रदेशलाई छुट्याएर ७४ लाख ८८ हजार ५०२ रुपैयाँ राजश्व संकलन भएको राजश्व शाखाप्रमुख विक्रम थिङले बताए ।




कार्यक्रममा गाउँपालिका विभिन्न शाखाप्रमुखले प्रगति विवरण प्रस्तुत गरेका थिए । समस्या र चुनौतीबारे आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । गाउँपालिकाको एक सय ३८ वटा योजना छन् । केही वडाले सतप्रतिशत योजना सम्झौता गरेता पनि केही वडाले योजना सम्झौता गर्न बाकीँ रहेको योजना तथा अनुगमन शाखाप्रमुख नरेन्द्रदत्त भट्टले बताए ।

गाउँपालिकाको शैक्षिक सूचकको अवस्था, बालविकास केन्द्र, विद्यालय, शिक्षक र विद्यार्थीको अवस्थाबारे शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख समीर जोशीले प्रस्तुत गरेका थिए । समग्रमा संघीयतर्फ ४३ दशमलब ७४ प्रतिशत, प्रदेशतर्फको ५३ दशमलब ८४ प्रतिशत र स्थानीय स्रोततर्फ ४५ दशमलब ७७ प्रतिशत वित्तीय प्रगति भएको प्रमुख जोशीले बताए ।

त्यस्तै, संघीय कार्यक्रम अन्तरगत एक हजार ४८ जनालाई किसान सूचिकरण कार्यक्रममा समावेश गरिएको कृषि तथा पशु विकास शाखाप्रमुख राहुल सेञ्चुरीले बताए । शाखाबाट बेमौसमी खेती, फलफूल खेती, मौरीपालन कृषक समूह बैठक, तरकारी प्रवर्द्धन कार्यक्रम, अर्गानिक खेती कार्यक्रम, गोठखोर सुधार कार्यक्रम जस्ता कार्यक्रम कार्यान्वयन भइरहेको उनले बताए ।

पलिकाले सञ्चालनमा ल्याएको चेली प्रोत्साहन कार्यक्रम, जेष्ठनागरिकसँग जनप्रतिनिधि, आमाबुबाविहिन बालबालिका संरक्षण कार्यक्रम, घरेलुहिंसा, किशोरी कार्यक्रम कार्यान्वयन भइरहेको महिला तथा बालबालिका शाखा प्रमुख रमिला सापकोटाले बताइन् । शाखाबाट मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम गरेको उनले बताइन् । कार्यक्रममा पूर्वाधार विकास शाखाप्रमुख ईन्जिनियर अनिलप्रसाद जोशीले तीन तहकै योजनाको प्रगतिविवरण प्रस्तुत गरेका थिए । प्रशासनप्रमुख ज्वाला कुमारी स्याङ्तानले पालिकाभित्रका कर्मचारीको अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेकी थिइन् ।

शाखाका प्रगति प्रतिवेदन प्रस्तुत पश्चात गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले योजनालाई कार्यान्वयन गर्न कानून आवश्यक पर्छ, कानून चाहिँ समयमै निर्माण गरिनुपर्ने बताए । पालिकाले तय गरेको निर्देशनअनुरुप कर्मचारीले नियम पालना गरिनुपर्ने अध्यक्ष मुक्तानले बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, वडा नम्बर १ का अध्यक्ष तेजबहादुर ब्लोन, वडा २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, ४ का वडाध्यक्ष तीलक कुमार मोक्तान, ७ का वडाध्यक्ष उदाससिं भोलन, ८ का वडाध्यक्ष आषिश प्रजा, ९ का वडाध्यक्ष भूवनसिं घलान, १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन लगायत कार्यपालिका सदस्यहरुको उपस्थिति थियो ।

# हेटौंडालाई महिलामैत्री सहर बनाउन अध्ययन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/हेटौंडा उपमहानगरपालिकालाई महिलामैत्री सहरको रुपमा विकास गर्नका लागि अध्ययन सुरु गरिएको छ । दुईवर्ष अघिबाट सहरी विकास मन्त्रालयसँगको समन्वयमा नेपालका बिभिन्न नगर पालिकालाई महिलामैत्री सहरको रुपमा विकास गर्ने काम चलिरहेको थियो

अहिले हेटौंडा पनि यो अभियानमा समाबेश गरी अध्ययन थालिएको हो । पहिलोचरणमा ५ वटा नगरलाई महिलामैत्री बनाउँने कार्यक्रम चलिरहेको समयमा पछिल्लो पटक हेटौंडा र घनगढीलाई समाबेश गरी काम अघि बढाउन खोजिएको यूएनओपीएस परियोजनाले जनाएको छ । कार्यक्रम कार्यान्वयनका लागि हेटौंडामा परियोजनाका कार्यक्रम व्यवस्थापन बिज्ञ चुडामणि जोशी र परियोजनाका सहयोजनाकार वर्षा श्रेष्ठको टोलीले महिलामैत्री पूर्वाधार निर्माणका लागि सम्भावित ठाउँ अध्ययन गरिरहेका छन् ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, महिलामैत्री सहरका सम्पर्क व्यक्ति इन्जिनियर बिनित ओझा सहित परियोजनाको टोलीले हेटौंडा-११ राप्तीपार्क निर्माणस्थल, हेटौंडा-१० स्थित राप्तीतट क्षेत्र, हेटौंडा-८ नगर विकासमा रहेको खुल्लाक्षेत्रको अवलोकन गरेका थिए । परियोजनाअन्तरगत पहिलोचरणमा खुल्ला सार्वजनिक क्षेत्रको पहिचान, प्राथमिकिकरण, वडाको रेखाङ्कनको काम हुनेछ । परियोजनाले देशका २९३ वटा स्थानीय तहको भ्रमण र अध्ययन पछि कामलाई अघि बढाएको बताइएको छ ।

परियोजनाका बिज्ञ जोशीका अनुसार अहिले हेटौंडा र धनगढी बाहेक बिराटनगर, चन्द्रागिरी, सुनवल, लल्किचुहा, तानसेन र तिलोत्तमा नगरपालिकामा महिला सहर निर्माणको काम भइरहेको छ । हेटौंडा र धनगढीमा सुरु हुने परियोजना ४ वर्षसम्म चल्नेछ । परियोजना अनुसार महिलाले सार्वजनिक ठाउँमा महिला र शारीरिकअशक्त भएकाहरुको सहज पहुँचको अवधारणालाई अघि सार्ने बताइएको छ । नयाँ थपिएको दुई उपमहनगरमा युरोपियन युनियन र फिनल्याण्ड सरकारको सहयोग रहनेछ । परियोजना कार्यान्वयनका लागि एक पालिकामा करिब साढे पाँच करोड रुपैयाँ आउने बताइएको छ ।

हेटौंडा उपमहानगरप्रमुख लामा युरोपका बिभिन्न मुलुकको अध्ययनअवलोकन भ्रमणको समयमा महिलामैत्री सहर निर्माणका लागि उपमहानगरको तर्फबाट प्रस्ताव गरेसँगै परियोजना हेटौंडा आएको हो । परियोजना कार्यान्वयनमा आएसँगै बाहिर निस्कन नसकेको महिलालाई समाजसम्म आउने अवस्था बन्ने नगरप्रमुख लामाले बताइन् । उनले भनिन् 'परियोजनाले महिलाको आत्मसम्मानको विकास, जिम्मेवार, भावनात्मकरुपमा थप बलियो बनाउनका लागि मद्दत पुग्नेछ ।'

परियोजनाको टोलीले उपमहानगरपालिकामा कार्यक्रम कार्यान्वयनका बारेमा छलफल गरेको थियो । छलफलमा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, बिज्ञ सल्लाहकार डा. कृष्ण धिताल, महिला तथा बालबालिका महाशाखाप्रमुख बिष्णुकुमारी लामिछाने, वातावरण महाशाखाप्रमुख सत्यदेबी अधिकारी, इज्जिनियर सुबोध थापा, उद्धव रिमालको उपस्थिति थियो ।

# तीन दिनदेखि लागेको डढेलो नियन्त्रणमा आएन

काभ्रेपलाञ्चोक, ६ चैत/ काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका–३ मा रहेको गोरखनाथ सामुदायिक वनमा लागेको आगो फैलँदै चिसापानी सामुदायिक वन हुँदै गजराम पर्वत मुनि पुगेको छ । आइतबार रातिदेखि लागेको आगो बुधबार बेथानचोक गाउँपालिकाको ३ र ५ नं वडाको सिमानामा र हेको पर्यटकीय क्षेत्र गजराम पर्वत मुनि पुगेको छ । आगो नियन्त्रण्मा नआउँदा तल्ला भेगमा रहेका हर्क भन्ज्याङ र थली डाँडाका बस्ती जोखिममा परेका छन् ।

आइतबार रातिको समयमा डढेलो लागेको कारण तत्कालै सम्भव नभएपछि सोमबार बिहानबाट नियन्त्रणको प्रयास गरिए पनि बुधबार रातिसम्म पनि नियन्त्रणमा नआई आगो झन् धेरै फैलँदै गएको छ । सोमबारदेखि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जनप्रतिनिधि, वन उपभोक्ता समितिका पदाधिकारी लगायत स्थानीयको सक्रियतामा डढेलो नियन्त्रणको प्रयास भए पनि नियन्त्रणमा आउन नसकेको बेथानचोक गाउँपालिका-३ का अध्यक्ष कुबेर ढकालले जानकारी दिए ।

नेपाली सेना, बेथानचोकमा रहेको प्रहरी टोली, सशस्त्र प्रहरीको टोलीले स्थानीयसँग मिलेर हुर्का भञ्ज्याङको मानवबस्तीलाई डढेलोबाट जोगाउन एन्टिफायरिङ गराएर फर्किएको थियो । एन्टी फायरिङ गरिए पनि बस्तीसम्म आगो आउन सक्ने वडाध्यक्ष ढकालले जानकारी दिए । हावाहुरीका कारण पूर्ण नियन्त्रणमा लिनसक्ने अवस्था नरहेकोले सचेत र सावधानी अपनाएर बस्न स्थानीयबासीलाई आग्रह गरिएको छ । डढेलो लागेको ठाउँमा निकै सुक्खा र पानीको अभाव रहेकाले आगो निभाउन कठिन भएको छ ।

करिब १ सय ९३ हेक्टर क्षेत्रफल रहेको गोरखानाथ सामुदायिक वनको करिब ९ हेक्टर क्षेत्रफलमा डढेलोले क्षति पुऱ्याएको अनुमान गरिएको छ । बोल्देबाट फैलिएको डढेलो सोमबार हर्कभञ्ज्याङसम्म पुगेको र हाल गजराम पर्वतमुनि आगलागी भैरहेको स्थानीय कमल नेपालले जानकारी दिए ।

हावाहुरीका कारण डढेलो फैलिँदै थलीडाँडा, च्याल्टी तथा यसअघि आगलागी भएको नारायण स्थानको वनमा समेत पुग्ने जोखिम देखिएको छ । थलीडाँडा र हर्कभञ्ज्याङमा लगिएको खानेपानी आयोजना जोखिममा रहेको छ भने डढेलो च्याल्टीतर्फ फैलिँदै गयो भने मानवबस्ती जोखिममा पर्छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले केही स्थानमा फायरलाइन बनाए पनि आगोको जोखिम बढ्दै गइरहेको छ । मंगलबार सेना र प्रहरीले च्याल्टीको चिसापानी सामदायिक वनको सिमाना, थलीडाँडा र हर्कभञ्ज्याङमा फायरलान बनाएका छन् ।

त्यस्तै, स्थानीयले पर्यटन विभागको सहयोगमा बनेको बास बस्न मिल्ने, उड्न हाउसको संरक्षणको लागि फायर लाइन बनाइएको थियो । डढेलोका कारण वरपरको क्षेत्रमा धुवाँ र तुवाँलोले वातावरण प्रदूषित हुँदै गएको स्थानीयबासीको भनाइ छ । डढेलोको कारण जनजीवन प्रभावित सँगै बस्ती समेत धुवाँले भरिएको र श्वास फेर्न र आँखा चिलाउने समस्या बढेको स्थानीयको गुनासो छ ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाल सुपर लिग फुटबल हिमालय टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुने

काठमाडौं, ६ चैत/यही चैत १६ गतेदेखि सुरु हुने नेपालको एकमात्र फ्रेन्चाइज फुटबल लिग 'नेपाल सुपर लिग' एनएसएलको तेस्रो संस्करण हिमालय टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुने भएको छ ।

तेस्रो संस्करणको टेलिभिजन प्रसारण अधिकार हिमालय टीभी एचडीले खरिद गरेको आयोजक संस्था नेपाल स्पोर्टस एण्ड इभेन्ट म्यानेजमेन्ट कम्पनीका प्रबन्ध निर्देशक श्रेयन्स कार्कीले जानकारी दिए । हिमालय टेलिभिजनले यसअघि दोस्रो सिजनमा पनि नेपाल सुपर लिग फुटबलको प्रत्यक्ष प्रसारण गरेको थियो । त्यसबाहेक सन् २०२२ को फिफा विश्वकप फुटबल नेपालमा प्रसारण गरेको थियो भने पोखरा प्रिमियर लिग, एभरेष्ट प्रिमियर लिग लगायतका क्रिकेट प्रतियोगिताको कुशलतापूर्वक प्रत्यक्ष प्रसारण गरि सकेको छ ।

'नेपाल सुपर लिगको प्रत्यक्ष प्रसारणका लागि सबै तयारी पुरा भइसकेको छ' हिमालय टेलिभिजनका कार्यकारी निर्देशक श्याम कडेलले भने, 'खेलकुद कन्टेन्ट हिमालय टेलिभिजनको सधैं पहिलो प्राथमिकता भएकाले यो इभेन्टको प्रसारण अधिकार खरिद गर्न पाउँदा हामी उत्साहित छौं ।' एन्फाको प्राविधिक सहयोगमा आयोजना हुने एनएसएल २०८२ साल बैशाख १३ गतेसम्म चल्नेछ ।

# ४ वटा विषयमा चार दिने तालिम




साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/प्रदेश युवा परिषद्सँगको सहकार्यमा फ्यूचर जेनेरेशन नेपालले हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ मा विभिन्न ४ वटा विषयमा चारदिने तालिमको आयोजना गरेको छ ।

मानवबेचविखन, जातीय लैगिंकविभेदबिरुद्ध जनचेतना जगाउने, साइवर क्राइमका बारेमा जानकारी दिने र बढ्दो तनावलाई कसरी गर्ने भन्ने बारेमा तालिम आयोजना गरिएको हो । ९ गतेसम्म सञ्चालन हुने तालिमको बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गरेका हुन् ।

तालिममा १८ वर्षदेखि ४० वर्ष उमेर समूहका १ सय १० जनाको सहभागिता रहेको छ । तालिममा मानव बेचविखनविरुद्धको सचेतनामूलक जानकारी गैसस मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले, लैगिंकहिंसा के हो भन्ने बारेमा फ्युचर नेपालका अध्यक्ष नवराज थापाले सहजिकरण गर्ने बताइएको छ । त्यस्तै, साइवर क्राइम र साइवर सुरक्षाका विषयमा जिल्ला प्रहरी कार्यालय मकवानपुर बाट प्रस्तूती रहनेछ ।

ब्रम्हकुमारी राजयोग सेवाकेन्द्रका विजयराज सिग्देलले तनाव व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने आयोजकले बताएको छ । उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका पूर्वप्रमुख रघुनाथ खुलाल, प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, जिल्ला प्रहरी कार्यालयका प्रवक्ता श्यामु अर्याल, पत्रकार महासंघका मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता थियो ।

# थाहाको जनकल्याण माविको नवनिर्मित भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/थाहा नगरपालिकाको घट्टेचौरस्थित जनकल्याण माध्यमिक विद्यालयको नवनिर्मित विद्यालय भवन उद्घाटन गरिएको छ ।



'नेपाल-भारत विकास सहकार्य' कार्यक्रमअन्तर्गत ३ करोड ७७ लाख रुपैयाँ सहयोगमा निर्माण गरिएको भवनको भारतीय राजदूतावास काठमाडौंका नियोग उपप्रमुख प्रसन्न श्रीवास्तव र जिल्ला समन्वय समिति, मकवानपुरका प्रमुख ललित घलानले बुधबार संयुक्तरुपमा उद्घाटन गरेका हुन् । जिल्ला समन्वय समिति, मकवानपुरबाट कार्यान्वयन भएको नेपाल-भारत 'उच्चप्रभाव सामुदायिक विकास परियोजना' अन्तर्गतको अनुदान रकमबाट २८ कोठे विद्यालय भवन निर्माण गर्नुका साथै विद्यालयलाई आवश्यक फर्निचर व्यवस्थापन गरिएको छ ।

उद्घाटन समारोहमा बोल्दै दूतावास काठमाडौंका प्रथमसचिव वरिष्ठ नन्दनले यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको महत्वपूर्ण हिस्सा भएको उल्लेख गरेका छन् । उनले दुई देशबीचको साझेदारीले पछिल्ला वर्षमा नेपाल सरकार र नेपाली जनताका विभिन्न प्राथमिकताका क्षेत्रमा उल्लेख्य प्रगति गरेको दाबी गरे । कार्यक्रममा थाहा नगरपालिका उपप्रमुख भरत गोपालीले धेरै वर्षको निरन्तर प्रयासबाट विद्यालयको भवनले मूर्तरुप लिएको बताउँदै भारतीय दुताबासले थाहा नगरपालिकाको शिक्षा क्षेत्रमा गरेको लगानीलाई नगरपालिकाले उच्चसम्मान गर्ने बताएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख घलानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहानगर शिक्षाशाखा प्रमुख माधवबिक्रम मल्ल, जनकल्याण एल्मुनाइ एशोसियसनका अध्यक्ष नीरन्जन अधिकारी, पालुङ क्याम्पसका प्रमुख राजन मिश्र, प्याक्सन थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधान, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्ट, जिल्ला समन्वय समितिका सदस्यहरु, कर्मचारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायत भारतीय दूतावासका कर्मचारीको उपस्थिति रहेको थियो ।

सन् २००३ यता भारतले नेपालमा विभिन्न क्षेत्रमा ५ सय ४६ भन्दा बढी उच्चप्रभाव सामुदायिक विकास परियोजना अघि बढाएकोमा ४ सय ८३ वटा सम्पन्न भएका छन् । जनकल्याण माविमा भारतीय सहयोगमा भवन निर्माण गर्न सुरु गरिएको एक दसकपछि योजना सम्पन्न भएको हो ।

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

हेटौंडा उपमहानगरपलिका
**४ नं. वडा कार्यालय**
नगर विकास रोड, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**व्यवसाय दर्ता सम्बन्धी सार्वजनिक सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ भित्र विभिन्न व्यवसाय गरिरहेको तर व्यवसाय दर्ता नगरेका तथा घर बहाल कर नतिरी बस्नु भएका व्यवसायीहरुले यथाशिघ्र हेटौंडा उपमहानगर पालिकामा व्यवसाय दर्ता गरी घर बहाल कर समेत तिर्नुहुन सविनय अनुरोध गर्दछौं ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
हेटौंडा, मकवानपुर

**सामुदायिक माध्यमिक विद्यालयहरूलाई सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

*(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/०७ गते)*

चालु आ.व. २०८१/०८२ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसारसिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम संचालनको लागि मिति २०८१/०८/११ गते सूचना प्रकाशन गरिएकोमा विद्यालयहरूको पर्याप्त मात्रामा प्रस्ताव पर्न नआएकोले चितवन, मकवानपुर र सिन्धुली जिल्ला कार्यक्षेत्र भएका सामुदायिक माध्यमिक विद्यालयहरूले कार्यक्रम सञ्चालन गर्नतपसिलअनुसारको कागजातहरु संशोधन भएको कार्यविधी "सामुदायिक विद्यालयमा सिक्दै-कमाउँदै, कमाउँदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि- २०८१" को अनुसूची-१ को ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८१ चैत्र २१ गते कार्यालय समय भित्र) इच्छुक विद्यालयहरुले यस कार्यालयमा प्रस्ताव सहितको आवेदनपेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**नोट:** सूचना सम्बन्धी विस्तृत जानकारी सामाजिक विकास मन्त्रालयको वेबसाइट http:www.mosd.bagamati.gov.np र यस कार्यालयको वेबसाइट https://sdohetauda.bagamati.gov.np/ मा हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४३९३४८७४ (शिक्षा अधिकृत) मा सम्पर्क गर्न सकिनेछ ।

**कार्यालय प्रमुख**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना